# राजस्व सुधार कार्ययोजना

(आ.व.२०८३/८४-२०८५/८६)

(Revenue Improvement Action Plan)

## बागमती गाउँपालिका, बागमती

२०८२

परामर्शदाता संस्थाः

ओपन मिडिया एण्ड कन्सल्टेन्सी प्रा. लि.

Contents

**परिच्छेद — १ ........................................................................................... 4**

**परिचय......................................................................................................... ४**

१.१ पृष्ठभूमि........................................................................................................ ४

१.२ राजश्व सुधार कार्ययोजनाको औचित्यः.............................................................. ५

१.३ योजनाले राखेका उद्देश्यहरुः........................................................................... ५

१.४ राजश्व सुधार कार्ययोजना निर्माणका लागि अपनाईएका विधीहरुः............................. ६

१.४.१ पहिलो चरणः सन्दर्भ सामाग्रीहरुको अध्ययनः................................................. ६

१.४.२ दोस्रो चरणः अभिमुखिकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशालाः.............. ७

१.४.३ तेस्रो चरणः तथ्याङ्क तथा सूचना संकलन र विश्लेषणः........................................ ७

१.४.४ चौथो चरणः राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपणः......................... ७

१.५ योजनाका सीमाहरु ........................................................................................ ८

**परिच्छेद–२ .................................................................................................. ९**

**गाउँपालिकाको परिचयः ...................................................................................... ९**

२.१ ऐतिहासिक पृष्ठभूमि........................................................................................ ९

**परिच्छेद- ३ ................................................................................................ १५**

**स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता............................................. १५**

३.१ राजश्व अधिकार सम्वन्धी कानूनी व्यवस्था........................................................ १५

३.१.१ संवैधानिक व्यवस्था.................................................................................. १५

३.१.२ कानूनी व्यवस्था ...................................................................................... १६

३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था .................................. १९

३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ............................... २२

३.३.१ स्थानीय कर राजस्व .................................................................................. २२

३.३.२ गैर कर राजश्व........................................................................................... २७

क) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)........................................ २७

ख) घर नक्शा पास दस्तुर...................................................................................... २८

ग) वहाल विटौरी शुल्क......................................................................................... २९

ङ) अन्य विक्री तथा शुल्क..................................................................................... ३१

च) पर्यटन शुल्क................................................................................................. ३१

छ) सामुदायिक वनबाट आय प्राप्त गर्ने ..................................................................... ३३

ज) अन्य राजस्व ........ ३३
ठ) अन्य क्षेत्रको आय ........ ३३
परिच्छेद ४ ........ ३४
आय संकलनको सँस्थागत क्षमता तथा संकलन अवस्था ........ ३४
४.१ राजस्व परिचालन सम्वन्धी नीति तथा संयन्त्र ........ ३४
४.२ आय संकलनको संस्थागत क्षमता ........ ३५
४.३ विगतको आय परिचालनको अवस्था ........ ३६
४.४ राजस्व परिचालनमा रहेका सवालहरु ........ ४१
परिच्छेद - ५ ........ ४५
राजस्व सुधार कार्ययोजना ........ ४५
५.१ राजस्व सुधार कार्ययोजना ........ ४५
गाउँपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु निम्नवमोजिम रहेका छनः ........ ४५
५.१.१ प्रभावकारी राजस्व संकलनका रणनीति तथा कार्यनीति ........ ४५
५.१.२ राजस्व सुधार कार्ययोजना ........ ४८
ख. कर राजश्व सुधार योजना ........ ४९
परिच्छेद - ६ ........ ५२
आय प्रक्षेपण ........ ५२
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ........ ५२
६.२ आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ........ ५७
अपेक्षित नतिजा ........ ६२
७.१ अपेक्षित नतिजा ........ ६२
परिच्छेद – आठ ........ ६५
अनुगमन तथा मूल्याङ्कन ........ ६५
निष्कर्ष तथा सुझाव ........ ६६
सन्दर्भ सामाग्री (Reviewed References) ........ ६९
अनुसूचीहरुः ........ ७०
अनुसूची १ वडागत रुपमा रहेका श्रोतसाधन र तिनीहरुको प्रयोगको अवस्था ........ ७०
अनुसूची २ः वितग तीन आर्थिक वर्षको वडागत आम्दानीको तुलनात्मक विश्लेक्षण ........ ७३
अनुसूची ३ – तथ्याङ्क संकलनको चेक लिष्ट ........ ७४
अनुसूची ४ - तथ्याङ्क संकलन फाराम ........ ७६

अनुसूची ५ – अभिमुखीकरण एवम् कार्यशालाको फोटाहरु ........................................................... ८२
अनुसूची ४ - अभिमुखिकरण कार्यशाला र मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको माईन्यूट................................ ८४

# परिच्छेद — १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तीनै तहले कानून बमोजिम गर्ने व्यवस्था संविधानले गरेको छ । संघ, प्रदेश तथा स्थानीय सरकारलाई आ—आफ्नो क्षेत्रको विकास कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन लगानी आवश्यक पर्दछ । यसका लागि स्थानीय तहलाई संघ र प्रदेशबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजश्व अधिकार अन्तर्गत विभिन्न कर, सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार उपलब्ध रहेको छ । त्यस्तैगरी अन्य स्वदेशी संघ संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने साथै नेपाल सरकारको सहमति लिई वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने समेत कानूनी व्यवस्था रहेको छ । संवैधानिक अधिकार अनुसार स्थानीय सरकारलाई आन्तरिक आय परिचालनको उल्लेख्य अधिकार उपलब्ध रहेको भएता पनि सो अधिकारहरु कानून सम्मत, व्यवस्थित तथा न्यायोचित तरिकाले स्थानीय सरकारहरुले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणहरुमा संघीय शासन व्यवस्था अनुसारको स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक कानून, नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, आधार तथ्याङ्कको उपलब्धता र आयको सम्भाव्यता अध्ययन, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना र अभ्यासको कमी आदि रहेका छन् ।

नेपालको संविधानले गाउँपालिका तथा गाउँपालिकालाई एकै किसिमका राजस्व अधिकार प्रदान गरेको छ । यद्यपी संस्थागत संरचना, जनशक्ति, व्यबस्थापकीय पक्षहरुलाई विश्लेषण गर्दा वर्तमान अवस्थामा आन्तरिक स्रोत परिचालनमा गाउँपालिकाको अवस्था भन्दा गाउँपालिकाहरुको अवस्था केही सवल देखिन्छ । मुलुकमा संघीयता लागु भईसके पश्चात राजस्व परिचालन क्षमतामा विगतको तुलनामा सुधार हुदै गएको भए तापनि कानून बमोजिम संघ, प्रदेश, राजस्व बाँडफाँट र अन्य विभिन्न निकायहरुबाट प्राप्त हुनसक्ने अनुदानहरुको व्यवस्थापन गर्दै आन्तरिक राजस्व अभिबृद्धी तथा परिचालन प्रक्रियामा सुधार ल्याउन अझै धेरै प्रयासको आवस्यकता रहेको देखिन्छ । यसै परिप्रेक्ष्यमा आफ्नो आन्तरिक स्रोतलाइ विस्तारै मजवुत बनाउँदै समग्र राजस्व संकलन तथा परिचालनलाई व्यवस्थित गर्न बागमती गाउँपालिकाले नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी दिग्दर्शन २०७६ को

परिधीमा रही सहभागितामूलक पद्दति अवलम्बन गरी यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको छ ।

### १.२ राजश्व सुधार कार्ययोजनाको औचित्यः

स्थानीय सरकारलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरु पूरा गर्नुपर्ने अवस्था छ । यस प्रयोजनका लागि स्थानीय सरकारलाई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय अनुदानका अतिरिक्त स्थानीय सरकारलाई आफ्नै राजस्वका आधारहरु तयार गर्ने अधिकार निहित रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को २ घ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद २ अनुसार स्थानीय तहलाई आफ्नो क्षेत्रमा कर तथा गैर कर संकलन गर्न सक्ने अधिकार रहेको छ । तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, ससाना व्यवसायमा कर लागु गर्दा हुन सक्ने संभावित अलोकप्रियता, स्थानीय तहलाई प्राप्त हुन आएको अनुदान रकम नै खर्च गर्न नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवस्यकता नै महसुस नहुनु जस्ता कारणहरुले गर्दा आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय तहहरुले अपेक्षित रुपमा राजस्व संकलन गर्न सकिरहेका छैनन् ।यसरी स्थानीय सरकारहरुले वित्तिय संघियताको मर्म अनुसार पूर्णरुपमा अभ्यास गर्न नसकेका अधिकार क्षेत्र भित्र रहेर वैज्ञानिक कर प्रणाली लागु गर्न स्थानीय तहलाई सहयोग पुग्नेगरि राजस्व सुधार कार्ययोजना तयार गर्नु नै यसको मुख्य ध्येय हो ।

त्यसैले यस गाउँपालिकाको वढ्दो खर्च धान्नका लागि र आर्थिक सामर्थ्य वृद्धि गर्नका लागि पनि गाउँपालिकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो रहेको देखिन्छ ।

### १.३ योजनाले राखेका उद्देश्यहरुः

गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, सम्भावना तथा परिचालनमा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तर्जुमा तथा सो को आधारमा आगामी ३ वर्षको आय प्रक्षेपण गर्नु यस कार्यको प्रमुख उद्देश्य हो । यस कार्यका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

- ❖ गाउँपालिकाको राजस्व संकलन सम्वन्धी अधिकार र कार्ययोजना सम्बन्धमा गाउँपालिकाका पदाधिकारी, राजस्व परामर्श समितिका सदस्य, शाखा प्रमुखहरू, राजस्वसंग सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- ❖ राजस्व परिचालन सन्दर्भमा विद्यमान नीति, विगत वर्षहरुको आय परिचालन, वर्तमान राजस्व प्रशासन र वित्तिय अवस्थाको विश्लेषण गर्ने ।
- ❖ गाउँपालिकाको आन्तरिक आयको आधार र दरको बृद्धिका सम्भावनाहरु (नयाँ सम्भावनाका स्रोतहरु समेत) पहिचान र विश्लेषण गरि राजस्व प्रक्षेपण गर्ने ।
- ❖ सहभागितात्मक विधि अवलम्वन गरि बागमती गाउँपालिकाको तीन वर्षे राजस्व सुधार कार्य योजना तयार गर्ने ।
- ❖ आन्तरिक राजस्व परिचालनका लागि आवश्यक नीति तथा क्षमता विकासको अवस्थाको पहिचान तथा सुधारका लागि सुझाव दिने ।

## १.४ राजश्व सुधार कार्ययोजना निर्माणका लागि अपनाईएका विधीहरुः

यस गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा यस सम्वन्धी सन्दर्भ सामाग्रीहरुको अध्ययन, सूचना संकलनका लागि आवस्यक फारमहरुको तयारी, शाखागत तथ्याङ्कहरु संकलन, विश्लेषण, अभीमुखीकरण तथा कार्यशाला गोष्ठीको आयोजना, सामुहिक छलफल, प्रस्तुतीकरण, अन्तर्वार्ता तथा स्थलगत अवलोकन लगायतका विधीहरु अपनाईएको थियो ।यस कार्ययोजना तयारीका सन्दर्भमा सम्पादन गरिएका मुख्य कृयाकलापहरुलाई निम्न लिखित चार चरणमा वर्गिकरण गरि व्याख्या गरिएको छ ।

### १.४.१ पहिलो चरणः सन्दर्भ सामाग्रीहरुको अध्ययनः

यस चरणमा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यसँग सम्बन्धित सन्दर्भ सामग्रीको अध्ययन गरिएको थियो । खासगरि यस अगाडी भएका राजस्व अभिवृद्धि सम्वन्धी अध्ययनहरु, प्रकाशनहरु, कार्य योजनाहरु, राजश्व परामर्श समितिका निर्णयहरु, पालिकाको नीति तथा कार्यक्रम र प्रचलित कानूनी व्यवस्थाहरुको अध्ययन तथा विष्लेषण गरिएको छ । मुख्यतः निम्नानुसारका सन्दर्भ सामग्रीहरुको अध्ययन र आधार लिईएको छ ।

- ❖ नेपालको संविधान, २०७२
- ❖ स्थानीय सरकार संचालन ऐन, २०७४
- ❖ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

- स्थानीय तहको राजस्व सुधार कार्ययोजना सम्वन्धी दिग्दर्शन २०७६
- गाउँपालिकाको आर्थिक ऐन,
- गाउँपालिकाको विनियोजन ऐन,
- गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट
- गाउँ प्रोफायल
- संघ, प्रदेशको नीति, कार्यक्रम, जारी गरिएका कार्यविधी, निर्देशिका,दिग्दर्शनहरु तथा प्रगति प्रतिवेदनहरु

### १.४.२ दोस्रो चरणः अभिमुखिकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशालाः

गाउँपालिकाको राजस्व अधिकार तथा सुधार कार्ययोजना सम्बन्धमा मिति २०८२ साल माघ २८ गते गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका पदाधिकारी, राजस्व परामर्श समितिका सदस्य, शाखा प्रमुखहरू, राजस्वसँग सम्बन्धित कर्मचारीहरु, करदाताहरु र अन्य सरोकारवालाहरूको उपस्थितिमा अभिमुखीकरण तथा कार्यशालाको आयोजना गरिएको थियो । उक्त कार्यशाला शुरु हुन अगाडी नै यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारी गर्ने कार्यमा सहजीकरण तथा समन्वयका लागि स्थानीय राजस्व परामर्श समितिले कार्य गरेको थियो ।

### १.४.३ तेस्रो चरणः तथ्याङ्क तथा सूचना संकलन र विश्लेषणः

स्थानीय तहको राजस्व सुधार कार्ययोजना सम्वन्धी दिग्दर्शन २०७६ मा व्यवस्था भए अनुसारको सूचना संकलन फारम प्रयोग गरी आवस्यक सूचनाहरु संकलन र विश्लेषण गरिएकोछ । सूचना संकलन फारमको नमूना अनुसूचीमा दिईएकोछ । तथ्याङ्क तथा सूचना संकलनमा समावेश गरिएका मुख्य क्षेत्रहरु निम्न अनुसार रहेकाछन्:

- गाउँपालिकाको राजश्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- आन्तरिक आयका स्रोत, आधार क्षेत्र तथा दर सम्वन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्वन्धी तथ्याङ्क तथा सूचना
- राजश्व सुधारका लागि गर्नुपर्ने कार्यहरु तथा सोको जिम्मेवारी, आदि ।

### १.४.४ चौथो चरणः राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपणः

### क. तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा

तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

**ख. अन्तिम प्रतिवेदनको तयारी र हस्तान्तरण**

मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट विभिन्न सुझाव तथा सल्लाहहरू प्राप्त भएका थिए । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार गरी बागमती गाउँपालिका समक्ष पेश गरिएको छ ।

**१.५ योजनाका सीमाहरु**

विद्यमान ऐन कानून अनुसार स्थानीय तहहरुलाई निक्षेपित राजस्व अधिकारहरुका आधारमा यो कार्ययोजना तयार गरिएको छ । गाउँपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भए तापनि सिमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सिमित समय रहनु जस्ता यस अध्ययनका सीमाहरू हुन जसलाई देहाय अनुसारका प्रस्तुत गरिएको छ ।

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारवाला पक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरूमा आधारित छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्वन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, अनुगमन तथा मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भए तापनि यी तथ्यहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा चाहेजति आधार लिन सकिएको छैन ।

- यो अध्ययन बागमती गाउँपालिकाको तीन बर्षे राजस्व सुधार कार्ययोजनाको रुपमा सिमित रहनेछ ।

## परिच्छेद-२
## गाउँपालिकाको परिचयः

### २.१ ऐतिहासिक पृष्ठभूमि

मिति २०७३ फाल्गुन २२ ललितपुर जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं १ प्रदेश सभा ख अन्तर्गतका साविक सातवटा गा.वि.स.हरु क्रमस घुसेल्, माल्टा, भट्टेडाँडा, प्युटार, इकुडोल्, आश्राङ, गिम्दी (हाल क्रमस बागमती गाउँपालिका वडा नं १,२,३,४,५,६,७) मिलाएर बागमती गाउँपालिका घोषणा भएको थियो । १११.४९ कि.मि. स्क्वायर कुल क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा महाङ्काल गाउँपालिका, पश्चिममा काठमाडौं जिल्ला, उत्तरमा गोदावरी गाउँपालिका र कोन्ज्योसोम गाउँपालिका, दक्षिणमा मकवानपुर जिल्ला रहेका छन् । वि स २०७८ को जनगणना अनुसार ११,३५३ जनसंख्या रहेको यो गाउँपालिकको जनघनत्व १०२ व्यक्ति प्रती कि.मि. स्क्वायर रहेको छ । हिन्दू र बुद्ध धर्मको बहुल्यता रहेको यस गाउँपलिकामा विभिन्न जातजातीहरुको बसोवास रहेको छ । ब्राम्हण (पहाडी) जाति, तामाङ, क्षेत्री लगायत मगर, दमाइ, कामी, घले, ब्रह्मु लगायत जातीहरु रहेका छन् । यहाँ नेपाली भाषा पछाडी बोलिने अन्य भाषाहरुमा तामाङ र मगर नै हुन् । दशै, तिहार, कृष्णजन्माष्टमी तीज्, बुद्ध पुर्णिमा, लोसार यहाँका प्रमुख चाडपर्व हुन् । औषत पारिवारिक आम्दानीमा कृषि र गाइवस्तु पालन व्यवसायले सबैभन्दा ठूलो हिस्सा ओगटेको यहाँ माल्टा फाँट, भट्टेडाँडाको राडर क्षेत्र, सिद्देस्वोर महादेव, महाङकालस्थान मन्दिर, इकुडोलको माझखण्ड बुद्ध बिहार, आश्राङको घ्याम्पे दह, गिम्दीको चमेरो गुफा जस्ता पर्यटकीय सम्भावना बोकेका ठाउँहरुलाई प्रचार प्रसार गर्न सकेमा बागमती गाउँपालिका हुँदै काठमाडौं र हेट्टौडा जोड्ने छोटो दुरिको कान्ती लोकपथमा हिंड्ने मानिसहरुको प्रमुख पर्यटकिय गन्तव्यस्थल बिकास हुनेछ र पर्यटकिय व्यवसाय पनि आयआर्जनको प्रमुख स्रोत हुनसक्नेछ जसले गर्दा हाल उत्पादन भई आयात हुने दुध, धान, गहुँ, मकै, भटमास, तोरि, फापर, कोदो, दाल, केराउ, सिमि, बोडि, फर्सि, काक्रौं, कुखुराहरुले स्थानीय तहमानै उचित बजार मुल्य पाउनेछन् । शिक्षा नै समाजको चेतना बिकास गर्ने आधार भएकोले यस गाउँपलिका भरि आधारभूत एवम् मध्यामिक गरी कुल ४९ वटा विद्यालयहरु सन्चालन भइरहेका छन् । स्वास्थ्य समस्याहरुलाई समाधान एवम् रोकथामका लागि प्रत्यक वडाहरुमा प्राथमिक स्वास्थ्य चौकीहरु रहेका छन् ।

बागमती प्रदेशअन्तर्गत ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेगमा अवस्थित बागमती गाउँपालिका प्राकृतिक स्रोत र पहाडी भू-बनोटले भरिएको एक ग्रामीण स्थानीय तह हो । करिब २७.५१° उत्तर अक्षांश र ८५.३०° पूर्व देशान्तरमा फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफल १११.४९ वर्ग किलोमिटर रहेको छ । यसको प्रशासनिक केन्द्र भट्टेडाँडा (पुरानो भट्टेडाँडा) मा अवस्थित छ । उत्तरतर्फको उच्च भू-भागबाट दक्षिणतर्फ क्रमशः ओरालो झर्दै जाने यो क्षेत्र डाँडाकाँडा, खोल्सा र वन क्षेत्रले घेरिएको छ ।यहाँको जीवनशैली मुख्यतः कृषि, पशुपालन र वनमा आधारित छ । बागमती नदी प्रणालीसँग सम्बन्धित साना खोलानालाहरूले गर्दा यहाँ जलस्रोतको राम्रो उपलब्धता छ, जसले स्थानीय जीविकोपार्जनमा महत्वपूर्ण सहयोग पुर्‍याएको छ । काठमाडौं उपत्यकाको नजिक भए तापनि ग्रामीण र अर्ध-पहाडी विशेषता बोकेको यस गाउँपालिकामा पछिल्लो समय सडक पहुँचको

विस्तार भइरहेको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## २.२ जनसंख्याको अवस्था

बागमती गाउँपालिकाको जनगणना २०७८ को तथ्याङ्क बमोजिम जम्मा जनसंख्या ११३५३ रहेको छ । जसमा महिलाको संख्या ५६५३ र पुरुषको जनसंख्या ५७०० रहेको छ ।वडा अनुसारको जनसंख्या तलको तालिकामा दिईएको छ ।

तालिका नं. १

| वडा | पुरुष | महिला |
|---|---|---|
| १ | ७२७ | ६७५ |
| २ | ८३९ | ८०८ |
| ३ | ७८९ | ७८३ |
| ४ | १०५१ | १०८६ |
| ५ | ७१४ | ७२९ |
| ६ | ६०३ | ५९४ |
| ७ | ९७७ | ९७८ |
| जम्मा | ५७०० | ५६५३ |

उपलब्ध तथ्याङ्क अनुसार वडा १ देखि ७ सम्मको जनसंख्या संरचना हेर्दा पुरुष र महिलाबीच समग्रमा राम्रो सन्तुलन देखिन्छ। वडा १ मा ७२७ पुरुष र ६७५ महिला रहेका छन्, जसको

अनुपात करिब १.०८:१ छ, अर्थात् पुरुष संख्या केही बढी छ । वडा २ (८३९ पुरुष, ८०८ महिला) मा अनुपात १.०४:१ र वडा ३ (७८९ पुरुष, ७८३ महिला) मा झण्डै १.०१:१ रहेकोले यी वडाहरूमा पनि पुरुष संख्या अलि बढी भए पनि लगभग सन्तुलनमा छन् ।

वडा ४ मा १०५१ पुरुष र १०८६ महिला रहेकोले अनुपात ०.९७:१ छ, जसले महिलाको संख्या बढी देखाउँछ। वडा ५ (७१४ पुरुष, ७२९ महिला) मा पनि अनुपात ०.९८:१ छ, जहाँ महिलाको संख्या थोरै बढी छ । वडा ६ मा ६०३ पुरुष र ५९४ महिला हुँदा अनुपात १.०२:१ छ भने वडा ७ मा ९७७ पुरुष र ९७८ महिला रहेकोले अनुपात झण्डै १:१ छ, जुन पूर्ण सन्तुलनको नजिकको अवस्था हो ।

समग्रमा हेर्दा कुल पुरुष संख्या ५७०० र महिला संख्या ५६५३ रहेको छ । यस अनुसार समग्र लैङ्गिक अनुपात करिब १.०१:१ (पुरुषःमहिला) छ । यसले समग्र जनसंख्या संरचना सन्तुलित रहेको देखाउँछ, यद्यपि वडा ४ र ५ मा महिलाको संख्या केही बढी र अन्य वडाहरूमा पुरुषको संख्या अलि बढी देखिन्छ ।

## २.३ बागमती गाउँपालिकाको संगठन संरचना र जनशक्तिको अवस्था

### १२. प्रस्ताबित दरबन्दी अनुरुपको संगठन संरचना तथा दरबन्दी तेरिज

बागमती गाउँपालिकाका लागि प्राप्त भएको दरबन्दी तेरिज अनुरुपको संगठन संरचना देहायबमोजिम प्रस्तुत गरिएको छ।

गाउँकार्यपालिका कार्यालयको प्रस्ताबित संगठन संरचना



## तालिका नं. २

### ३.११ प्रस्तावित पद तथा दरबन्दी बिवरण

क. गाउँ कार्यपालिकाको लागि

| क.सं | पद नाम | तह | सेवा/ समुह | साबिक दरवन्दी | प्रस्तावित दरबन्दी | परिवर्तन भएको | | खुद कायम हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप | घट | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | आठौ | प्रशासन/ सा.प्र | १ | १ | -_ | _- | १ |
| २ | अधिकृत | सातौ / आठौ | शिक्षा / शिक्षा प्रशासन | १ | १ | -_ | _ | १ |
| ३ | ईन्जिनियर | सातौ / आठौ | ईन्जी/ सि /ज बि /आर्किटिक | १ | १ | _ | _ | १ |
| ४ | लेखा अधिकृत | सातौ /आठौ | प्रशासन/ लेखा | १ | १ | _ | _ | १ |
| ५ | अधिकृत | सातौ /आठौ | प्रशासन/सा प्र | | १ | १ | | १ अपग्रेड |
| ५ | सहायक | पाचौ/ छैटौ | प्रशासन /सा प्र | ४ | ५ | १ | _ | ५ |
| ६ | सहायक | पाचौ/ छैटौ | प्रशासन /कानुन | | १ | १ | | १ |
| ७ | लेखा सहायक | पाचौ/ छैटौ | प्रशासन/ लेखा | १ | १ | _ | _ | १ |
| ८ | प्रा. स. | पाचौ/ छैटौ | शिक्षा / प्रशासन | १ | १ | _ | _ | १ |
| ९ | अ.हे.व./ सि. हे. अ./ हे.अ. | पाचौ/ छैटौ | स्वास्थ/ हे. इ. | १ | १ | १ | _ | २ |
| १० | प. हे. न. | चौथो/पाचौ / छैटौ | स्वास्थ/ क. न. | १ | १ | | _ | १ |
| ११ | आन्तरिक लेखा प | पाचौ/ छैटौ | प्रशासन | १ | १ | _ | _ | १ |
| १२ | स. म. बि. नि. | पाचौ/ छैटौ | प्रशासन | १ | १ | – | – | १ चौथोको अपग्रेड |
| १३ | सव इन्जिनियर, | पाचौ / छैटौ | इन्जिनियरिङ सिभिल/आर्किटेक | १ | २ | १ | – | १ आर्किटेक्ट थप |
| १४ | सर्वेक्षक | पाचौ / छैटौ | इन्जिनियरिङ सर्वे | | १ | १ | | १ नया प्रस्ताव |
| १४ | क. अप्रेटर | पाचौ/ छैटौ | प्रशासन। बिबिध | १ | १ | | | १ |
| १५ | इलेक्ट्रिसियन | सहायक पाचौ/छैटौ | इन्जिनियरिङ्/ इलेक्ट्रिक | | १ | १ | १ | १ थप गरिएको |
| १६ | खा.पा.स.टे. | पाचौ/छैटौ | इन्जिनियरिङ्/ स्यानिटेशन | १ | १ | _ | _ | १ |
| १७ | अधिकृत | ८ औ | कृषि / भेटेरिनरी | १ | १ | | – | १ |
| १८ | अधिकृत | ७ औ | कृषि | १ | १ | | – | १ |

RESEARCH CENTER PVT. LTD., KATHM

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | प्रा . स . | ५ । ६ औ | कृषि /बागवानी | १ | १ | | – | २ |
| २० | प्रा.स. | ५ । ६ औ | कृषि/ प्रसार | १ | १ | | – | १ |
| २२ | स. प. बि. अ. | ५ । ६ औ | कृषि /भेट | ३ | ३ | | – | ३ |
| २३ | स. प. बि. अ. | ५ । ६ औ | कृषि /लापोडेटे | १ | २ | १ | – | २ |
| २३ | ना. प. स्वा. प्रा. | ४ चौथो | कृषि /भेट | १ | १ | | – | १ |
| २४ | ना. प. से. प्रा. | ४ चौथो | कृषि /लापोडेटे | १ | १ | | – | २ |
| | जम्मा | | | २७ | ३५ | ८ | – | ३५ |

## परिच्छेद- ३

## स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहको राजस्व संकलन र व्यवस्थापन गर्ने अधिकार सम्बन्धमा प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था र गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई तपशीलका उपखण्डहरुमा शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । यो विश्लेषणबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण हुने र पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने गरी प्रस्ताव गरिनेछ ।

### ३.१ राजश्व अधिकार सम्वन्धी कानूनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधान धारा ५६ मा व्यवस्था भए बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका रुपमा व्यवस्था गरिएकोछ । साथै धारा ५७ ले तहगत सरकारको राज्य शक्तिको बाँडफाँडको व्यवस्था गरेको छ, जस अनुसार अनुसूची - ५ मा संघको एकल अधिकार, अनुसूची - ६ मा प्रदेशको एकल अधिकार, अनुसूची - ७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची - ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची - ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरु रहेका छन् ।संविधानतः तहगत सरकारको राजस्वको क्षेत्राधिकार देहाय बमोजिम रहेको छः

**तालिका ३ः संविधान बमोजिमा तहगत सरकारको राजस्व क्षेत्राधिकार**

| संघीय सरकार (अनुसूची- ५) | प्रादेशिक सरकार (अनुसुची -६) | स्थानीय तह (अनुसूची - ८) | संघ, प्रदेश र स्थानीय तह (अनुसूची - ९) |
|---|---|---|---|
| भन्सार, | घर जग्गा रजिष्ट्रेशन शुल्क, | घर जग्गा रजिष्टेशन शुल्क | सवारी साधन अनुमति |
| अन्तःशुल्क, | सवारी साधन कर, | सवारी साधन कर | पर्यटन शुल्क |
| मूल्य अभिवृद्धि कर, | मनोरञ्जन कर, | मनोरञ्जन कर, | सेवा शुल्क, दस्तुर |
| संस्थागत आयकर, | विज्ञापन कर, | विज्ञापन कर, | प्राकृतिक स्रोतको रोयल्टी |
| व्यक्तिगत आयकर, | कृषि आयमा कर, | दण्ड जरिवाना | दण्ड जरिवाना |
| पारिश्रमिक कर, | पर्यटन | सम्पत्ति कर | |
| राहदानी शुल्क | सेवा शुल्क दस्तुर, | घर बहाल कर | |
| भिसा शुल्क, | दण्ड जरिवाना | व्यवसाय कर | |

| | | | |
|---|---|---|---|
| पर्यटन दस्तुर, | | भूमिकर (मालपोत) | |
| सेवा शुल्क दस्तुर, | | पर्यटन शुल्क, | |
| दण्ड जरिबाना | | सेवा शुल्क दस्तुर, | |

उल्लेखित तालिका अनुसार संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत २२ वटा कार्यक्षेत्रहरु सूचीकृत गरिएको छ । ती मध्ये राजस्वका क्षेत्र अन्तर्गत सम्पत्ति कर, घर बहाल कर र व्यवसाय कर, भूमिकर र मालपोतलाई स्थानीय करको रुपमा सूचीकृत गरी स्थानीय तहले मात्र उठाउन पाउने गरी एकल अधिकारको रुपमा व्यवस्था गरेको छ । घर जग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर स्थानीय तह र प्रदेश अन्तर्गत साझा अधिकार सूचीका रुपमा रहेका छन् । यसका अलावा पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र दण्ड जरिवानालाई संघ, प्रदेश र स्थानीय तह अन्तर्गत साझा सूचीका रुपमा व्यवस्था गरिएको छ । संविधानको धारा ५९ बमोजिम संघ, प्रदेश र स्थानीय तहले माथि उल्लेख भए बमोजिम आफ्नो अधिकार भित्रको राजस्व संकलन सम्वन्धी विषयमा कानून वनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गरि सोको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरि आवश्यक नीति, मापदण्ड र कानून बनाउने संवैधानिक अधिकार भने संघलाई दिइएको छ ।

### ३.१.२ कानूनी व्यवस्था

संवैधानिक प्रावधान बमोजिम राजस्व अधिकारका क्रियाकलापहरु स्थानीयस्तरमा कार्यान्वयन गर्नका लागि नेपाल सरकारद्धारा जारी गरिएका स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ प्रमुख ऐनका रुपमा रहेका छन् । संविधान तथा उपरोक्त कानूनसँग नबाझिने गरि स्थानीय तहहरुले आफ्नो स्थान विशेष अनुसार कानून बनाई राजस्वका स्रोतहरु परिचालन गरी आय गर्न सक्नेछन् । स्थानीय राजस्व संकलन तथा व्यवस्थापनका निमित्त कार्यान्वयनमा रहेका मुख्य ऐनहरु देहायको तालिकामा प्रस्तुत गरिएको छः

**राजस्व अधिकार व्यवस्थापनका लागि भएका कानूनी व्यवस्था**

**तालिका नं. ४**

| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ |
|---|---|
| ****सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) | सम्पत्ति कर |

| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ |
|---|---|
| लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने | |
| **घर जग्गा बहाल कर:** (भवन, घर, पसल, ग्यारेज, गोदाम, छप्पर, कारखाना, जग्गा वा पोखरी आंशिक वा पुरै बहालमा दिएको भए) | घरबहाल कर |
| **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा | व्यवसाय कर |
| ****भूमिकर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने | भूमिकर (मालपोत) |
| घर जग्गा रजिष्ट्रेसन शुल्क | *घर जग्गा रजिस्ट्रेसन शुल्क - प्रदेशले तोकेको दर बमोजिम स्थानीयले उठाउने र सञ्चित कोषमा जम्मा गरि ४० प्रतिशत प्रदेशलाई बाँडफाँड गर्ने |
| **सवारी साधन कर:** सवारी करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने, तर टाँगा, इरिक्सा र अटो रिक्साको हकमा गाउँपालिकाले दर तोकी उठाउन सक्ने । | ***सवारी साधन कर:** सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने (६० प्रतिशत प्रदेश सरकार र ४० प्रतिशत स्थानीय तहबिच बाँडफाँट हुने) । तर टाँगा, रिक्सा, अटो रिक्सा, विद्युतीय रिक्सामा गाउँपालिकाले दर तोकी उठाउन सक्ने |
| **मनोरञ्जन कर** | ***मनोरञ्जन कर:** (प्रदेशले लगाएको दरमा स्थानीय तहले उठाई आफ्नो सञ्चित कोषमा जम्मा गरि ४० प्रतिशत प्रदेशलाई बाँडफाँड गर्ने) |
| **विज्ञापन कर** | *विज्ञापन कर (स्थानीय तहले दर लगाई उठाउने र आफ्नो सञ्चित कोषमा जम्मा गरि ४० प्रतिशत प्रदेशलाई बाँडफाँड गर्ने) |
| | **पर्यटन शुल्क** |
| **सेवा शुल्क:** केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, बञ्जी जम्प, जिप्फ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग जस्ता स्थानीय पर्यटन, मनोरञ्जन र साहसिक खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा सेवा शुल्क<br>(स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएका कुनै सेवा उपयोग गरे | **राजश्व बाँडफाँट:**<br>-नेपाल सरकारले संकलन गरेको मूल्य अभिवृद्धि कर र अन्त शुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।<br>-आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने ।<br>-स्थानीय संचित कोषमा मासिक रुपमा प्राप्त हुने प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड |

| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ |
|---|---|
| वापत (जस्तैः खानेपानी, बिजलुी, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडकबत्ती, शौचालय, स्नानगृह, पौडी पोखरी, छात्रबास, हाटबजार, पशुबधशाला, शवदाह गृह, सडक, बसपार्क, अचल बस्तुको मल्याङ्कन सेवा तथा सिफारिस सम्वन्धी कुनै सेवा आदि) | आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत<br>-प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने |
| बहाल बिटौरी शुल्क (गाउँपालिकाले आफ्नो क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनामा) | **वित्तिय अनुदानः**<br>-वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने ।<br>-सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने<br>-समपूरक अनुदानः पूर्वाधार विकास सम्वन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।<br>-विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने । |
| **पार्किगं शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ् सेवा उपलब्ध गराए बापत लिईने । | **सेवा शुल्क दस्तुर** |
| ***जडिबुटी, कवाडी र जिवजन्तु करः** आफ्नो क्षेत्रभित्र उन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत | **वैदेशिक सहायता तथा आन्तरिक ऋणः**<br>-नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।<br>-नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने साथै नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने । |
| ** **विक्री गर्न सक्नेः** स्लेट, ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तु, सार्जनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी दहतर बहतरको बिक्रीबाट (दफा ६२ क, १ र २) | |

| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ |
|---|---|
| ****सामुदायिक वनबाट आय प्राप्त गर्नसक्नेः** सामुदायिक वनबाट उपभोक्ता समितिले वन पैदावर बिक्रीबाट प्राप्त आयको १० प्रतिशत (दफा ६२ ख) | |

*नोटः *नेपाल सरकार, आर्थिक ऐन, २०७५ बमोजिम संसोधित भएको ।*

*** केही नेपाल ऐनलाई संसोधन गर्न बनेको बिधेयक (२०७५ फाल्गुण १९ गते प्रमाणिकरण) ले थप व्यवस्था गरेको ।*

उल्लेखित प्रदेश र स्थानीय तह विच बाँडफाँड हुनुपर्ने सवारी साधन कर, मनोरञ्जन कर र घरजग्गा रजिष्ट्रेशनको हकमा बागमती गाउँपालिकाले के कति प्राप्त गर्दछ भन्ने विषयमा बागमती प्रदेशको प्रदेशसभाले वनाएको कानूनका आधारमा तोकिएको दर अनुसार संकलित रकमको बाँडफाँड हुने व्यवस्था छ । केन्द्र, प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँडका विषयमा अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को अनुसूची ४ ले देहाय बमोजिम व्यवस्था गरेको छः

**तालिका ५ः प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड प्रतिशतमा**

| स्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम आफ्नो आर्थिक ऐनमा समावेश गरी राजस्व परिचालन गर्न सक्नेछ र यसबाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था) ।
- कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

बागमती गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को लागि आर्थिक ऐन जारी गरी स्थानीय सरकारको कर तथा शुल्कहरु निर्धारण गरेको छ । गाउँपालिकाको सोही ऐनको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले पालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दर निर्धारणको अवस्थालाई थप प्रस्ट पार्दछ ।

**तालिका नं. ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.स. | आयका शीर्षकहरु | सम्भावना भए नभएको | दर निर्धारण | संकलनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| **क** | **करतर्फ** | | | | |
| १ | सम्पति कर | √ | √ | √ | |
| २ | भूमिकर (मालपोत) | √ | √ | √ | |
| ३ | घरजग्गा वहाल कर | √ | √ | √ | |
| ४ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा आदि) | √ | x | X | |
| ५ | व्यवसाय कर | √ | √ | √ | |
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर, | √ | √ | √ | |
| ७ | विज्ञापन कर | √ | √ | √ | |
| ८ | मनोरन्जन कर | √ | √ | √ | |
| **ख** | **गैरकरतर्फ** | | | | |
| १ | स्लेट, ढुंगा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको विक्री | √ | √ | √ | |
| २ | वहाल विटौरी शुल्क | √ | √ | √ | |
| ३ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | √ | √ | √ | |
| ४ | पर्यटन शुल्क | √ | x | X | |
| ५ | अन्य विक्रीबाट प्राप्त रकम | √ | √ | √ | |
| ६ | सरकारी सम्पति (राजपत्र, पुस्तक, नक्शा, आदि) को विक्रीबाट प्राप्त आय | √ | √ | √ | |
| ७ | अन्य सेवा शुल्क तथा विक्री (पार्क, वनभोज स्थल, भू-टावर) | √ | √ | √ | |
| ८ | काठ दाउरा जराजुरी दहत्तर बहत्तर | √ | x | X | |
| ९ | न्यायिक दस्तुर (न्यायिक | √ | √ | √ | |

| क्र.स. | आयका शीर्षकहरु | सम्भावना भए नभएको | दर निर्धारण | संकलनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | समितिको समेत) | | | | |
| १० | अन्य प्रशासनिक शुल्क (बोलपत्र फाराम विक्री समेत) | √ | √ | √ | |
| ११ | पार्किङ शुल्क | √ | x | X | |
| १२ | सिफारिस दस्तुर | √ | √ | √ | |
| १३ | व्यक्तिगत घटना दर्ता विलम्व दस्तुर | √ | √ | √ | |
| १४ | नाता प्रमाणित दस्तुर | √ | √ | √ | |
| १५ | अन्य दस्तुर | √ | √ | √ | |
| १६ | रजिष्ट्रेशन दस्तुर | √ | √ | √ | |
| १७ | वन पैदावर(सामुदायिक वनको) बिक्री | √ | √ | X | |
| १७ | अन्य राजश्व (माथिका शीर्षकमा नपरेका) | √ | √ | √ | |
| १८ | शिक्षा क्षेत्रको आम्दानी | √ | √ | √ | |
| १९ | दण्ड जरिवाना | √ | √ | √ | |
| २० | नक्शापास दस्तुर | √ | √ | √ | |
| २१ | पूर्वाधार उपयोग शुल्क | √ | √ | √ | |
| २२ | दर्ता अनुमती तथा नविकरण | √ | √ | √ | |
| २३ | खानेपानी तथा विद्युत महसुल | √ | √ | X | |
| २४ | फोहोरमैला तथा सरसफाई शुल्क | √ | √ | X | |
| २५ | बेरुजु फछ्र्यौट | √ | √ | √ | |

उल्लेखित तालिका अनुसार विश्लेषण गर्दा यस गाउँपालिकाको आन्तरिक आयको मुख्य स्रोत सम्पत्ति कर, विभिन्न सिफारिस दस्तुरहरू, व्यवसाय कर, नगन्य मात्रामा घर बहाल कर, घर भाडा, पार्किङ्ग शुल्क तथा नै रहेको देखिन्छ । गत वर्षको यथार्थ आय चालु वर्षको प्रस्तावित आय र चालु वर्षको माघ २८ गतेसम्मको यथार्थ आय देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ७: विभिन्न शीर्षक अनुसार बागमती गाउँपालिकाको आन्तरिक आयको अवस्था**

| राजस्व संकेत नं | अन्तरिक स्रोतको शीर्षक | आ.व. २०८१।०८२ को यथार्थ आय | आ.व. २०८२।०८३ को प्रस्तावित आय | आ.व. २०८२।०८३ माघ २८ गते सम्मको यथार्थ आय | आम्दानी(%) |
|---|---|---|---|---|---|
| ११३१३ | सम्पती कर | ११८२३२६.०० | २०००००० | ८८७०४८ | |
| ११३१४ | भुमिकर/मालपोत | ९४५९७९.०२ | १,५००,०००.०० | ५६१४६२ | |
| ११३१७ | वहाल कर | ३५४७४४.७० | १०६७९६० | ३६२७९२.५ | |
| ११३१८ | वहाल विटौरी कर | ८७३.५५ | ८५८०१०.७५ | ८७४ | |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | २०००००. | १६६००० | |
| १६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ७१०००.०० | १००००० | २४५०० | |
| ११६९१ | अन्य कर | ७०१७ | १००००० | १५०००. | |
| १४२२१ | न्यायीक दस्तुर | १००० | ५०००० | ० | |
| १४२२४ | परीक्षा दस्तुर | १९००० | ५०००० | ३५००. | |
| १४२२९ | अन्य प्रशासनीक सेवा शुल्क | ५७८७०१ | १५००००० | ४१३३०० | |
| १४२४२ | नक्सा पास दस्तुर | २००० | २००००० | ३९६०८ | |
| १४२४३ | सिफारिश दस्तुर | ५८२४०० | १०००००० | २३१४५० | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १६५३५० | ४००,०००.०० | १००१०० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १७१०० | ५०००० | १०,८५०.०० | |
| १४२४९ | अन्य दस्तुर | २२५८९७ | ३००००० | ४६,३६५.०० | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७०८०० | ८००००० | १३०६२५. | |
| १४५२९ | अन्य राजश्व | १३९०९२८ | २२५०००० | ८८८२५. | |
| १४६११ | व्यवसाय कर | ४२८३३० | १०००००० | १६२५९५. | |
| १५१११ | बेरूजू | ९९०२०१ | २,००,०००. | २४४३६३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३३४२ | मनोरञ्जन कर | १०१०१० | ० | ० | |
| ३३३४३ | विज्ञापन कर | १२००० | ० | ० | |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | ११२०८९४२ | ४०८१८०२ | ३५७४९७९.२८ | |
| ३३३९१ | अन्य बाँडफाँड हुने राजश्व संकलन | ०.०० | | ० | |
| | जम्मा | **१८३५५५९९** | १७५०७७७३ | **७०६४२३७** | |

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

**क) सम्पति कर**

**हालको अवस्था**

गाउँपालिकाको आर्थिक ऐन २०८२ अनुसार गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लगाईएको छ ।करदाताहरुको नाममा रहेको जग्गा र घरको मूल्यको आधारमा विभिन्न १६ स्तरमा विभाजन गरेर रु. १ देखि रु.५० लाखसम्म  सम्पत्ति मूल्याङ्कन भएकालाई रु. १०० देखि १४०० र ५० लाखदेखि १ करोड सम्मकोलाई प्रति लाख रु २५ ले थप गर्ने र १ करोडभन्दा माथि प्रति लाख रु ४० ले थप हुने गरी सम्पत्ति करको दर कायम गरी सम्पत्ति कर असुल उपर गरिरहेकोछ ।चालु आ.व. २०८२।०८३ मा प्रक्षेपण रु २०,००००० भए पनि विगतको आयलाई मध्यजनर गर्दा सवै करदाताबाट रु. १,३२४,२०३.१२ सम्पत्ति कर संकलन गर्ने संसोधित अनुमान रहेको छ ।

**सम्भावना**

विद्यमान कानूनी व्यवस्थामा घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा सम्पत्ति कर लाग्ने व्यवस्था रहेकोछ भने बाँकी जमीनमा मालपोत कर लगाउन पर्ने व्यवस्था रहेको छ ।  सम्पत्ति कर र मालपोत कर छुट्टाछुट्टै कार्यविधी अनुसार कार्यान्वयनमा ल्याउन आवस्यक रहेको छ । सवै करदाताहरुले आआफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको न्यूनतम मूल्य राखेर पालिकामा विवरण आफैले भरेर बुझाउने प्रावधान रहेकोछ ।सम्पत्तिको पुनःमूल्याङ्कन, करको दरमा थोरै परिवर्तन तथा असुलि दरमा बृद्धि गर्नसके संकलित रकममा बढोत्तरी हुने सम्भावना रहन्छ । गाउँपालिकामा ३०३९ घरधुरी रहेकोछ तर एकीकृत सम्पत्ति कर तिर्ने करदाता संख्या यकीन भएको छैन। आर्थिक वर्ष २०८१।०८२ मा यस शीर्षकमा जम्मा रु. ११८२३३६। रकम संकलन भएको छ । ती सवै घरधुरी सम्पत्ति करको दायरामा आउँदा सरदर बार्षिक एक जना करदाताले रु. ३१६.२१ पैसा सम्पत्ति कर बुझाउने

गरेको देखिन्छ । पालिकाले आ.व. २०८२।०८३ मा गरेको १,३२४,२०३.१२ उठ्न सक्ने अनुमानलाई आधार मानेर आगामी ३ वर्षका लागि निम्नानुसार सम्पत्ति कर संकलन गर्न सकिने गरी अनुमान गरिएको छ ।

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
| | २७.४७% | ३२.९७% | ३९.५६% | १००.००% |
| सम्पति कर | १५८९०४६ | १९०६८५५ | २२८८२२६ | ५७८४१२८ |

**सुधारका पक्षहरु**

सम्पत्ति कर कार्यान्वयन तथा असुलीका लागि गाउँपालिकाले गर्नुपर्ने क्रियाकलापहरु निम्नानुसार रहेकाछन् ।

- लामो समयदेखि सम्पत्ति करको दर र सम्पत्तिको पुनःमुल्याङ्कन भएको छैन त्यसैले समयाअनुकुल परिमार्जन गरी सम्पत्ति करको दर र सम्पत्ति पुनःमुल्याङ्कन गर्ने ।
- आथिक ऐनमा सम्पत्ति करको दर कायम गर्दा न्युनतम रु. १२५ कायम गर्ने र असुली दर बढाउने।
- सम्पत्ति कर सम्वन्धी करदाताहरुलाई विभिन्न माध्यमहरुबाट करदाता शिक्षा संचालन गर्ने ।
- सम्पत्ति कर असुलीको tracking system को व्यवस्थापनको लागि GIS based urban map तयार गर्ने र सो tool को प्रयोग गरी सफ्टवेयर र विद्युतीय भूक्तानी प्रणाली क्रमश लागू गर्ने ।
- कर प्रयोजनका लागि गरिने जग्गा तथा संरचनाको मूल्याङ्कन विधी सरल र पारदर्शी बनाउने ।
- राजस्व इकाईमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने र आवस्यक प्रविधी तथा उपकरणहरुको व्यवस्थापन गर्ने ।

**ख) मालपोत वा भूमि कर**

**हालको अवस्था**

गाउँपालिकाको आर्थिक ऐन २०८२/८३ अनुसार गाउँपालिका क्षेत्रभित्र मालपोत वा भूमिकरको सूचीकरण गरे तापनि यसको असुलीका लागि कुनै विधीको बारेमा खुलाईएको छैन । मालपोतको असुलीका लागि भिन्न कार्यविधी नबनाई सम्पत्ति करमै राखेर असुल उपर गर्दै आएको छ । आ.व. २०८२।०८३ मा मालपोत वा भूमि करबाट विगत वर्षहरुको बृद्धिदर अनुरुप रु. १०४०५७६.९२ हुने अनुमान गरिएको छ ।

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
| | ३०.२१% | ३३.२३% | ३६.५६% | १००.००% |
| मालपोत | १,१४४,६३४.६१ | १,२५९,०९८.०७ | १,३८५,००७.८८ | ३,७८८,७४०.५७ |

**सुधारका पक्षहरु**

मालपोत वा भूमी कर संकलनमा सुधारका लागि गाउँपालिकाले गर्नुपर्ने क्रियाकलापहरु निम्नानुसार रहेकाछन्

- भिन्नै मालपोत वा भूमि कर अशुली कार्यविधी निर्माण गरी लागु गर्ने ।
- करदाता शिक्षा संचालन गर्ने ।
- गाउँपालिकामा जग्गाको प्रकार र उपयोग अनुसार तथ्याङ्क लिने र दर कायम गर्दा सडकको पहुँच र चलाचल्तीको मुल्यलाइ समेत आधार लिने ।
- पालिकाको निर्णय अनुसार सम्पत्ति कर लाग्ने बाहेकका अन्य जमीनको मालपोत कर अशुल गर्ने ।
- अशुलिका आधारमा दण्ड र पुरष्कारको व्यवस्था गर्ने ।

**ग) वहाल कर (घरजग्गा वहाल कर)**

**हालको अवस्था**

गाउँपालिकाको आर्थिक ऐनले गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, जग्गा, लगायतका संरचना आंशिक तवरले वा कुनै भौतिक सम्पत्ति आम्दानी हुने गरी वहालमा दिईएकोमा वहाल अंकको १०% कर लाग्ने व्यवस्था गरेको छ ।त्यसै गरी गाउँपालिकामा रहेको सभाहल, व्याह हो लोडर, प्रोजेक्टर लगायतका हल तथा मेसिनरीहरु भाडामा लगाउँदा पनि यसको भाडा दर निश्चित गरिएको छ । यस पालिकाले आ.व. २०८०।०८१ मा १९१३८१, आ.व. २०८१।०८२ मा रु. ३५४७४४.७० रकम घर जग्गा बहाल कर उठाएको तथ्याङ्क देखिन्छ । त्यसैगरी चालु वर्ष २०८२।८३ मा रु. ४९७९५६.४१ बहाल कर असुलीको संसोधित अनुमान रहेकोछ ।

**सम्भावना**

यस गाउँपालिकाको मुख्य सडक वरिपरी रहेका घर तथा जग्गा र बजार तथा बस्ति क्षेत्रमा सरकारी तथा गैरसरकारी केहि कार्यालयहरु र घर तथा जग्गाहरु साथै गाउँपालिकामा रहेको सभाहल, व्याह हो लोडर, प्रोजेक्टर लगायतका हल तथा मेसिनरीहरु बहालमा गएको देखिन्छ । आवसीय प्रयोजनको लागि बनेका घरहरुमा नै व्यापारिक गतिविधिहरु पनि भएको देखिन्छ । गाउँपालिकाले यथार्थ तथ्याङ्क लिइ ठाउँ अनुसार भाडा दर कायम गरी आम्दानीमा १०% वहाल कर लगाउदा वहाल कर असुलीमा बढोत्तरी हुनसक्ने देखिन्छ । गत वर्षहरुको अनुभव र पालिकाले गरेको

प्रक्षेपणको रकमलाई आधार मानेर आगामी तीन आर्थिक वर्षका लागि घर जग्गा बहाल करको बृद्धिका लागि निम्नानुसार प्रक्षेपण गरिएकोछ ।

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
| | २८.८०% | ३३.१२% | ३८.०८% | १००.००% |
| बहाल कर | ४६९,१४९.८७ | ५३९,५२२.३५ | ६२०,४५०.७० | १,६२९,१२२.९१ |

**सुधारका पक्षहरू**

- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।
- घरजग्गा वहाल रकम मूल्याङ्कन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गर्ने ।
- बहाल कर असुलीको पद्धति बनाई संकलन गर्ने ।

**घ) व्यवसाय कर**

**हालको अवस्था**

गाउँपालिकाले आर्थिक ऐन २०८२ मार्फत् गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोवारका आधारमा कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा विभिन्न १२३ वटा बृहत शीर्षक र अन्य विभिन्न प्रकारका व्यापार, व्यवसाय तथा उद्योगहरुको प्रकृति र आकार अनुसार न्युनतम रु. ५०० देखि १००००० सम्म व्यवसाय करको दर निर्धारण गरेको छ । साथै यी सवैको नविकरण दस्तुर समेत निर्धारण गरेको छ । आर्थिक ऐनमा सवै क्षेत्र उल्लेख भए तापनि व्यवसाय करको असुली आशातित भएको देखिंदैन । गत वर्ष जम्मा रु २३१००० मात्र संकलन भएको देखिन्छ ।

**सम्भावना**

यस गाउँपालिकाको प्रायः वडाहरुमा सानातिना व्यापार व्यवसायहरु संचालनमा रहेकाछन् । आर्थिक ऐन २०८२।०८३ अनुसार यहाँ दर्ता भएका र नविकरण भएका सवै प्रकारका व्यवसायबाट १० लाख रुपैयाँ संकलन गर्ने गरी अनुमान गरेता पनि विगत वर्षको बृद्धिको आधारमा रु २७७२०० प्रक्षेपण गरी आगामी तीन आर्थिक वर्षका लागि तपशील अनुसार प्रक्षेपण र कुल संभाव्य रकम आँकलन गरिएको छः

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |

| | | | | |
|---|---|---|---|---|
| | ३०.०१% | ३३.०१% | ३६.९७% | १००.००% |
| व्यवसायले भुक्तान गर्ने | ३३२,६४०.०० | ३६५,९०४.०० | ४०९,८१२.४८ | १,१०८,३५६.४८ |

**सुधारका पक्षहरू**

गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन निम्न कार्यहरू गर्न प्रस्ताव गरिएको छः

- व्यवसाय कर संचालन कार्यविधी कार्यान्वयनमा ल्याउने ।
- पालिकामा संचालित व्यवसायहरूको करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा उल्लेख गर्ने।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा ब्यवसाय दर्ता र नविकरणका लागि घुम्ती शिविर संचालन गर्ने र संकलनका लागि गाउँ प्रहरी लगायतको टोली निर्माण गरि परिचालन गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ब्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।
- नीजि विद्यालयहरुको व्यवसाय करको दर आर्थिक ऐनमा व्यवस्था भए तापनि असुली गर्न सकेको देखिदैन ।
- व्यवसायको प्रकृतिअनुसार न्यायसंगत कर दर निर्धारण गर्ने
- डिजिटल माध्यम (online payment, mobile app) बाट कर भुक्तानी व्यवस्था गर्ने
- QR code तथा e-payment प्रणाली लागू गर्ने
- समयमै कर तिर्नेलाई छुट वा प्रोत्साहन प्रदान गर्ने
- कर्मचारीलाई तालिम दिई दक्षता अभिवृद्धि गर्ने
- संकलित करको उपयोगबारे सार्वजनिक जानकारी दिने
- पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने
- स्थानीय तहमा करमैत्री वातावरण सिर्जना गर्ने

## ङ. विविध कर

- जडीबुटी, जीवजन्तु तथा कवाडी करः संविधानले एकल अधिकारको रुपमा स्थानीय तहका लागि प्रदत्त गरेका राजस्व सम्वन्धी अधिकार क्षेत्र अन्तर्गत रहेका करका दायराहरु जस्तैः जडीबुटी, जीवजन्तु तथा कवाडी करको सम्बन्धमा आर्थिक ऐनमा करको दर निर्धारण गरेको भए तापनि हालसम्म अशुल भएको छैन । कवाडी कर कार्यान्वयन सम्बन्धमा सम्भावना अध्ययन गरी आगामी वर्षहरुमा कर संकलन गर्न सकिने सम्भावना देखिन्छ ।

- सवारी साधन करः यस अन्तर्गत रिक्सा टाँगा अटोरिक्सा पावर टेलर जस्ता साना सवारीको कर असुल गर्ने व्यवस्था भएको तर पहाडी भूभागमा अटोरिक्सा पावर टेलर बाहेक अन्य साना सवारी नचल्ने हुनाले धेरै कर संकलन हुने सम्भावना नरहेको ।अटोरिक्साको दर्ता प्रदेश सरकार अन्तर्गत यातयात कार्यालयमा हुने गरेको कारण गाउँपालिकाको एकल अधिकार क्षेत्रमा परे तापनि यसको दर्ता गरी नियमन गर्दा व्यवसायीहरु दोहोरो करको मारमा पर्ने देखिन्छ । यसका लागि प्रदेश र स्थानीय तहको समन्वय हुन आवस्यक छ । आर्थिक ऐनमा यस करको दर उल्लेख गरेको भएतापनि कर संकलन गरिएको छैन ।त्यसैगरी मनोरञ्जन कर तथा विज्ञापन करको असुली दर पनि न्युन रहेकोछ ।

## ३.३.२ गैर कर राजश्व

### क) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था**

स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । आ.व. २०८२।०८३ को आर्थिक ऐनमा यस क्षेत्रको नियमनका लागि व्यवसाय दर्ता शुल्कको नाममा नयाँ व्यवसाय दर्ता, उजुरी दर्ता, व्यवसाय नवीकरण र घ बर्गका निर्माण व्यवसायको इजाजत, नविकरण, नामसारी, ठाउँ सारी लगायतका शीर्षकहरुमा विभिन्न दर कायम गरिएको छ ।

**सम्भावना**

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, कृषि तथा वनजन्य उद्योग, मर्मत संभार, सहकारी, बैंक, स्वास्थ्य सेवा, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत र संचालन अनुमति दिंदा गाउँपालिकामा यस्ता व्यवसायिक कार्यहरुको दर्ता तथा नियमनबाट संकलन हुने गरेको छ । आ.व. २०८१/८२ मा व्यवसायबाट भएको भूक्तानी रु ७०८०० रहेको थियो । आ.व. २०८२/८३ मा रु २ लाख रुपैयाँ संकलन गर्ने गरी अनुमान गरेको भए तापनि विगतको विश्लेषणको आधारमा ७७८८० प्रक्षेपण गरी आगामी तीन आर्थिक वर्षका लागि तपशील अनुसार प्रक्षेपण र कुल संभाव्य रकम आँकलन गरिएको छः

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) |
|---|---|

| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
|---|---|---|---|---|
| | २९.६३% | ३३.१९% | ३७.१७% | १००.००% |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८५,६६८.०० | ९४,२३४.८० | १०३,६५८.२८ | २८३,५६१.०८ |

**सुधारका पक्षहरू**

- सभाबाट निर्णय गरी आर्थिक ऐनमा व्यवसाय रजिष्ट्रेशन शुल्क संकलन गर्ने प्रावधान समावेश गर्ने ।
- व्यवसाय रजिष्ट्रेशन दस्तुर कार्यविधी तयार गरी कार्यान्वयन गर्ने ।
- अभिलेख व्यवस्थापन गर्ने ।

**ख) घर नक्शा पास दस्तुर**

**हालको अवस्था र सम्भावना**

यस पालिकामा घर नक्शापास सम्वन्धी भवन निर्माण संहिता कार्यविधी बनाइ व्यवस्थित निर्माण कार्यको समेत शुरुवात भईसकेको देखिन्छ । पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत भवन तथा मापदण्ड कार्यान्वयन इकाई सृजना गरी जनशक्तिको समेत व्यवस्थापन गरिएको छ । आर्थिक वर्ष २०८१।०८२ मा घर नक्शापास दस्तुरबाट रु. २००० संकलन भएको देखिन्छ । गाउँपालिकाको आर्थिक ऐन २०८२।०८३ मा घर नक्सापास सम्वन्धी शीर्षकबाट रु. ५० हजार दस्तुर संकलन हुने अनुमान गरेको छ । यहाँको घर निर्माण दर र गाउँपालिकाको घर नक्शापास दस्तुर बापत अनुमान गरिएको राजस्व रकमको आधारमा आगामी वर्षहरुमा तपशील अनुसार घर नक्शापास दस्तुर संकलन गर्न सकिने सम्भावनादेखि प्रस्ताव गरिएको छ ।

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
| | २१.८८% | ३१.२५% | ४६.८८% | १००.००% |
| घर नक्शापास दस्तुर | ७०००० | १००००० | १५०००० | ३२०००० |

**सुधारका पक्षहरू**

- सवै घरधुरीलाई दायरामा ल्याई नियमन गर्न पुराना घरहरु समेतलाई कुनै बर्गमा राखी पास गराउने वा सूचीकरण गराउने ।
- नक्शापास सम्बन्धमा सचेतना कार्यक्रम संचालन गरी सवै वडाहरुमा घर नक्शापास अनिबार्य गर्ने ।
- नयाँ निर्माणमा नक्सा बिना निर्माणमा कडा अनुगमन र कारबाही गर्ने

- वडास्तरमा नियमित निरीक्षण गर्ने
- अनलाइन आवेदन र भुक्तानी प्रणाली लागू गर्ने
- समयमै नक्सा पास गर्नेलाई प्रोत्साहन/छुट दिने
- प्राविधिक जनशक्ति (इन्जिनियर) सुदृढ गर्ने
- नागरिकमा जनचेतना अभिवृद्धि गर्ने
- निर्माण सम्पन्न भएपछि Completion Certificate अनिवार्य गर्ने
- सबै विवरण डिजिटल अभिलेखमा राख्ने

### ग) वहाल विटौरी शुल्क

**हालको अवस्था र सम्भावना**

गाउँपालिकाले आफुले रेखदेख वा संचालन गरेको हाटवजार र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानूनी व्यवस्था छ । यस शीर्षकमा गाउँपालिकाले आ.व. २०८१।८२ मा रु ८७३.५५ शुल्क संकलन गरेको छ । चालु आ.व. २०८२।८३ मा रु. ८५८०१० शुल्क संकलन गर्ने आर्थिक ऐनमा उल्लेख गरेको छ । बजार क्षेत्रमा रहेको सरकारी जग्गाहरुमा बनेका घर टहरा आदिमा र हाट बजार लाग्ने स्थलको भाडा समेत हेर्दा र वडाहरुमा विस्तारै बढ्दै गरेका सानासाना बजार केन्द्र, सडक अधिकार क्षेत्रमा निर्माण गरिएका भवन र गर्न सकिने जग्गाहरुको प्रयोग गरि वहाल विटौरी शुल्क असुलीमा बढोत्तरी गर्न सकिने सम्भावना देखिन्छ ।

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
| | ३१.११% | ३३.६०% | ३५.२८% | १००.००% |
| बहाल विटौरी कर | ९६०.९१ | १,०३७.७८ | १,०८९.६७ | ३,०८८.३५ |

**सुधारका पक्षहरू**

पालिकाको वहाल विटौरी शुल्कमा सुधारको लागि निम्नानुसार प्रस्ताव गरिएको छः

- वहाल विटौरी शुल्क संकलन सम्वन्धी कार्यविधी निर्माण गर्ने ।
  - गाउँपालिकाभित्र भएका सार्वजनिक वा सडक अधिकार क्षेत्र भित्रका जमिनको विवरण संकलन गर्ने।
  - वहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेवापत लाग्ने शुल्कलाई आर्थिक ऐनमा उल्लेख गरी सम्पत्ति करकै दर अनुसार शुल्क संकलन गर्ने ।

- संकलित विवरणका आधारमा वर्गीकरण गरी हाटबजार विटौरी शुल्कको दर प्रगतिशील तरिकाबाट निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।
- भाडा सम्झौता (Rent Agreement) अनिवार्य रूपमा दर्ता गराउने
- डिजिटल अभिलेख (database) तयार गरी नियमित अद्यावधिक गर्ने
- अनलाइन भुक्तानी प्रणाली (e-payment) लागू गर्ने
- कर दरलाई स्पष्ट र व्यवहारिक बनाउने
- समयमै शुल्क तिर्नेलाई छुट वा प्रोत्साहन दिने

**घ) सिफारिश, प्रमाणित, अन्य प्रशासनिक शुल्क तथा दस्तुर** (प्रशासनिक सेवाशुल्क, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य दस्तुर, न्यायीक दस्तुर, परीक्षा दस्तुर आदि)

**हालको अवस्था**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गरि आएको छ । आर्थिक ऐनमा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । पालिकाले सिफारिस, प्रमाणित र अन्य दस्तुर गरी आर्थिक वर्ष २०८१/८२ मा रु. २४३९८०५.०० संकलन गरेको देखिन्छ । चालु आ.व.२०८२/०८३ का लागि यस अन्तर्गतका विभिन्न शीर्षकमा जम्मा रु. २८०३०६८.७५ संकलन हुनेगरी अनुमान गरिएकोछ ।

**सम्भावना**

वर्तमानमा पालिका केन्द्र र वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा नयाँ दर कायम गरी लागु गरिएको छ ।आगामी तीन आर्थिक वर्षका लागि सिफारिस, प्रमाणित र अन्य दस्तुर तथा प्रशासनिक शुल्कमा तपशील अनुसारको बृद्धि हुनेगरी प्रस्ताव गरिएको छ।

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
| | २९.१०% | ३३.१३% | ३७.७७% | १००.००% |
| **सिफारिश, प्रमाणित तथा अन्य प्रशासनिक शुल्क तथा दस्तुर** | ३२२३६९१.९२ | ३६७०७९०.९२ | ४१८४३९३.६ | ११०७८८७६.४४ |

**सुधारका पक्षहरू**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।

- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको प्रमाण समावेश गर्ने प्रणाली स्थापित गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- राजस्व रकम सम्भव भएसम्म दैनिक वा यथासक्य चाँडो बैंक दाखिला गर्ने।

**ङ) अन्य विक्री तथा शुल्क**

**हालको अवस्था**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ । बागमती गाउँपालिकाको आर्थिक ऐन २०८२ मा स्लेट, ढुंगा, गिटि, वालुवा दहत्तर बहत्तर शुल्क सम्वन्धी उल्लेख गरिएको छ। पालिकाले स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गरी र राजश्व बाँडफाड भई आर्थिक वर्ष २०८१/८२ मा रु. ११२०८९४२ संकलन गरेको देखिन्छ । चालु आ.व.२०८२/०८३ का लागि यस अन्तर्गतका विभिन्न शीर्षकमा जम्मा रु. १२३२९८३६.२३ संकलन हुनेगरी अनुमान गरिएकोछ ।

**सम्भावना**

गाउँपालिका भित्र रहेका खोला तथा नदिमा वालुवाको मुख्य स्रोत रहेको र पालिकाले सोही वमोजिम बागमती नदी, अधेरी खोला, घट्टे खोला, खानीखोला, भालुखोला, ठोट्ने खोला, यास्सा, पाङदुर, माकल खोल्सा, हाईड्रो पावर ड्याम साइट, डोल खोला, आश्राङ र लुकुनी खोला को ढुंगा, गिटी, बालुवा संकलन गरी विक्री गर्न सक्नेछ । आगामी वर्षका लागि पालिकाको यस क्षेत्रहरुमा वातावरणीय परिक्षण गरी ठेक्का लगाउन सकेमा यस शीर्षकबाट थप वार्षिक आय संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरु**

- आर्थिक ऐनमा ढुंगा, गिटी, वालुवा, दहत्तर बहत्तर शुल्क सम्वन्धी दफा थप गरी अनुसूचीमा शुल्कहरु तोक्ने ।
- थप क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण गरी अध्ययन प्रतिवेदन तयार गर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्ड भित्र रहेर उत्खनन् तथा बिक्री कार्यका लागि गराउन ठेक्का आव्हान गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्ड भित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।

**च) पर्यटन शुल्क**

**हालको अवस्था सम्भावना**

यहाँको हावापानी, प्राकृतिक वातावण तथा मनोरम दृष्यअवलोकनले पर्यटकहरुलाइ लोभ्याउँछ । संघीय राजधानीबाट नजिकै भएकोले यहाँ पर्यटकीय आवागमन अझ बढ्न सक्ने प्रवल सम्भावना रहेकफ छ । वडा नं. १ मा माने गाउँ पर्यटकीय केन्द्रको रूपमा रहेको छ। यहाँ रक क्लाइमिङ (भोटकुने उकालो) र बञ्जी जम्प (भुसेल—सिस्नेरी झोलुङ्गे पुल) को सम्भावना उल्लेखनीय छ। यसले साहसिक पर्यटनको प्रबल सम्भावना देखाउँदछ। वडा नं. २ मा धार्मिक पर्यटन केन्द्रित देखिन्छ। राकस देवी, दोभान, चण्डेश्वरी गुफा, किर्खण्डी महादेव, काली देवी मन्दिर जस्ता स्थलहरूले यस क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई उजागर गरेका छन्। वडा नं. ३ मा आन्तरिक पर्यटक लक्षित संरचनाहरू (रेडार, भिउ टावर, पिकनिक स्पट, चिल्ड्रेन पार्क, जिपलाइन, झोलुङ्गे पुलबाट बञ्जी) रहेका छन्। यहाँ सिजनमा पर्यटकको चाप रहनु र नयाँ पूर्वाधार (जिपलाइन) निर्माणाधीन हुनु विकासोन्मुख अवस्थाको सङ्केत हो। वडा नं. ५ मा रुद्रेश्वर मन्दिर, शहीद पार्क, बुद्ध विहार जस्ता सम्पदा र माझखण्ड—कालेश्वर पदमार्ग छ। यसले धार्मिक—सांस्कृतिक तथा पदयात्रा (हाइकिङ) पर्यटनको सम्भावना देखाउँदछ। वडा नं. ६ मा झरना (आश्राङ र भालुखोला) मा साहसिक पर्यटन संरचना निर्माणको सम्भावना र होमस्टे सञ्चालनको प्रचुर सम्भावना छ। यसले ग्रामीण पर्यटन र स्थानीय आयवृद्धिमा टेवा पुर्याउन सक्ने देखिन्छ।

वडा नं. १, ३ र ६ मा स्पष्ट रूपमा साहसिक गतिविधिहरू (रक क्लाइमिङ, बञ्जी जम्प, जिपलाइन, झरनामा संरचना) को सम्भावना उल्लेख गरिएको छ। यसले वडालाई साहसिक पर्यटनको हबको रूपमा विकास गर्न सकिने सङ्केत गर्दछ। वडा नं. २ र ५ मा धार्मिक स्थलहरूको बाहुल्यता छ। यी स्थलहरूलाई पर्यटनसँग जोड्न पूर्वाधार (पैदलमार्ग, सरसफाइ, सूचना केन्द्र) आवश्यक देखिन्छ। वडा नं. ६ मा होमस्टे सञ्चालनको सम्भावना छ। यसले स्थानीय जनताको प्रत्यक्ष सहभागिता र आर्थिक लाभ सुनिश्चित गर्न सक्छ। वडा नं. ३ मा जिपलाइन निर्माणाधीन हुनु, विभिन्न ठाउँमा झोलुङ्गे पुल, भिउ टावर, पार्क जस्ता संरचनाहरू रहेको तर केही स्थानमा मात्रै पूर्वाधार सक्रिय रहेको देखिन्छ।

यी क्षेत्रभित्र प्रवेश गर्ने आन्तरिक तथा बाह्यय पर्यटकको लागि पर्यटक शुल्क तोकी आम्दानी गर्न सकिने देखिन्छ तर यस्तो शुल्क संकलन गर्न थालिएको छैन । तर यस क्षेत्रमा अध्ययन गरी थप आम्दानी गर्न सकिने देखिन्छ ।

**सुधारका पक्षहरु**

- पर्यटकिय स्थल र गतिविधिहरु अनुसार आर्थिक ऐनमा पर्यटकिय शुल्क तोक्ने
- पहुँचमार्गहरुको निर्माण तथा मर्मत
- गन्तव्य स्थानहरुको निर्माण, मर्मत, Finishing and Publication
- स्थानीय पर्यटकिय क्षेत्रहरुको प्रचार प्रसार गर्ने ।

**छ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

**हालको अवस्था र सम्भावना**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने कानूनमा व्यवस्था भए पनि हालसम्म प्रयोगमा ल्याईएको छैन ।
- आगामी वर्षका लागि पालिकाले यस क्षेत्रहरुमा अध्ययन गरी गाउँ क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समितिहरुसँग समन्वय गरी यो किसिमको आय बढाउन सकिने सम्भावना रहेको छ ।

**ज) अन्य राजस्व**

उल्लेखित शीर्षकहरुमा नपरेका अन्य आय, राजस्व, शुल्क, विविध दण्ड जरिवाना तथा दस्तुरहरु यस शीर्षकमा राखी प्रक्षेपण गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा अन्य आय, राजस्व रु. १३९०९२८.०० संकलन गरेको देखिन्छ । चालु आ.व.२०८२/०८३ का लागि यस अन्तर्गतका सबै शीर्षक संकलन हुने प्रक्षेपण गरिएको छैन तर पनि विगतको अवस्था केलाउँदा १५३००२०.८८ प्रक्षेपण गरिएको छ ।

| करको प्रकार | आगामी तीन आर्थिक वर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|
| | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | कुल संभाव्य रकम |
| | ३०.२१% | ३३.२३% | ३६.५६% | १००.००% |
| **अन्य राजस्व** | १६८३०२३.८८ | १८५१३२५.१७ | २०३६४५८.६८ | ५५७०८०६.७३ |

**ठ) अन्य क्षेत्रको आय**

राजस्व सुधारका अन्य संभावित क्षेत्रहरु बुँदा तथा सुझावहरुलाई यस राजस्व सुधार कार्य योजनाको प्रस्तावित कार्यक्रमहरुमा समावेश गरिनेछ ।

- स्थानीय पूर्वाधार उपयोग शुल्क परिमार्जन गर्ने
- संभावित क्षेत्रको अध्ययन गरी पार्किङ्ग शुल्क लगाउन सकिने
- फोहोरमैला व्यवस्थापनमा आवस्यक अध्ययन गरी नीजि क्षेत्रलाई व्यवस्थापन करार गरी फोहोरमैला ब्यवस्थापनको कार्य हस्तान्तरण गर्न सकिने ।
- विभिन्न शीर्षकबाट प्राप्त हुने बक्यौता भुक्तानीहरुमा लाग्ने तोकीएको दण्ड तथा जरिवाना लगाउने ।
- कृषिजन्य उत्पादनहरुको बिक्रीबाट प्राप्त आयमा कर लगाउन आवस्यक अध्ययन गर्ने ।
- आय आर्जन हुने क्षेत्रमा लगानी बढाउने ।

# परिच्छेद ४

## आय संकलनको सँस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदका उपखण्डहरुमा बागमती गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्नका निमित्त गर्नुपर्ने कार्यहरू पहिचान गर्न समेत सहयोग पुग्नेछ ।

### ४.१ राजस्व परिचालन सम्वन्धी नीति तथा संयन्त्र

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्वन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्वन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस गाउँपालिकामा उल्लेखित कार्यका लागि स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

**तालिका ८: स्थानीय राजस्व परामर्श समितिको विवरण**

| क्र.स. | समितिका व्यक्तिहरु | जिम्मेवारी |
|---|---|---|
| १ | श्री भक्तबहादुर दर्लामी मगर निशान उपाध्यक्ष | संयोजक |
| २ | राम बहादुर भुलन वडा अध्यक्ष | सदस्य |
| ३ | श्री सुसिला सुनार कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री लक्ष्मी बडाल राजश्व शाखा प्रमुख | सदस्य सचिव |

गाउँपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि राजश्व परामर्श समितिको बैठक गरी राजस्व प्रक्षपणको आधारमा वार्षिक राजश्व अनुमान, राजस्वका दायरा र दर निर्धारण गरी गाउँपालिकालाई सिफारिस, आदिको निर्णय गर्ने गरेको देखिन्छ । गाउँपालिकाले आर्थिक वर्षको २०८२/८३ को लागि आर्थिक ऐन पारित गरेको छ । स्थानीय राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट स्वीकृतिका लागि गाउँ कार्यपालिका हुंदै गाउँसभा समक्ष प्रस्ताव पेश गर्ने गरेको छ । आयका शीर्षकगत दायरा तथा उक्त दायराका दररेटहरू राखी गाउँसभा मार्फत् आर्थिक ऐन पारित गरिएको पाइयो।

### गाउँपालिकाको राजस्व प्रशासन

गाउँपालिकाको राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति गाउँपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत

अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजस्व प्राप्त हुने निर्माण कार्य, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजश्व संकलन कार्यमा परिचालन गनुपर्ने हुन्छ । साथै गाउँपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजश्व र आयका शीर्षकका विषयमा अभिमुखिकरण र अभिलेख व्यवस्थापन सम्वन्धी क्षमता विकास तालिमले गाउँपालिकाको राजश्व अभिवृद्धिमा महत्वपूर्ण योगदान दिने सक्ने देखिन्छ ।

### ४.२ आय संकलनको संस्थागत क्षमता

यस पालिकामा राजश्व शाखाले राजस्व संकलन तथा व्यव्थापनको सम्पूर्ण कार्य गर्दै आएकोछ । मुख्यगरी, राजस्व सम्वन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयनको अनुगमन र प्रतिवेदन तथा अभिलेख व्यवस्थापनको कार्य पालिकामा रहेको राजस्व इकाईले सम्पादन गर्दै आएकोछ ।सवै वडा कार्यालयहरूबाट वडा सचिवको मातहतमा सामाजिक परिचालक र पालिकामा शाखामा रहेका सहायक कर्मचारीहरु मार्फत राजस्वको संकलन तथा अभिलेखीकरण गरिंदै आएको छ । स्थलगत अवलोकन, व्यक्तिगत छलफल, टेलिफोन अन्तरवार्ता तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छः

- राजस्व इकाईमा १ जना अधिकृत स्तर छैटौं शाखा प्रमुखको रुपमा र सहायक पाचौको दरवन्दी रहेता पनि अधिकृत स्तर छैटौंमात्र कार्यरत हुनुहुन्छ । राजश्व ईकाईमा पदसोपान अनुसारको कर्मचारी व्यवस्थापन नभएको देखिन्छ ।
- गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूमा कम्प्युटर विलिङ्ग प्रणाली मार्फत राजस्व संकलन भएको छ ।
- राजस्व व्यवस्थापनमा सांग्रीलाको सफ्टवेयर प्रयोगमा ल्याईएको हुनाले राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार कार्यान्वयन भएकाले संकलन गरिएको राजस्वका शीर्षकहरू मिलेको पाईन्छ ।
- करदाता शिक्षा कार्यक्रम नियमित र प्रभावबारी रुपमा संचालन हुन नसकेको ।
- नेपाल सरकारले प्रयोगमा ल्याएको SUTRA को Revenue model पनि आंशिक रुपमा प्रयोगमा ल्याईएकोछ । यो मोडेललाई अझ बढी user friendly बनाउन पर्ने समेत पालिकाको सुझाव रहेकोछ ।यसरी हेर्दा राजस्व इकाई प्रविधी मैत्री र व्यवस्थित हुँदै गरेको छ ।

- सेवा शुल्क तथा बिक्रीको बैग्ले महल तथा शीर्षक नखोलिएकाले यस किसिमको आयहरू विविध र अन्य आय शीर्षकमा संकलन हुने गरेको ।
- वडा सचिव मार्फत वडामा नै राजस्व संकलन गर्ने कार्यले सेवाग्राहीलाई सुविधा प्रदान गरेको ।
- "घ" वर्गको इजाजत पत्र लगायत अन्य शुल्कहरू, टेण्डर बिक्री तथा परीक्षा शुल्क जस्ता राजश्व गाउँपालिका कार्यालयबाट संकलन हुने गरेको ।
- सेवाग्राहीहरुको अवस्था हेरि उनीहरुको सहजताका लागि पालिका केन्द्रमै पनि कर संकलन गर्ने सुविधा रहेको छ ।
- कर संकलनको स्थलगत अनुगमन समयन्त्र नभएकाले वडास्तरिय राजस्व व्यवस्थापन चुनौतीपुर्ण रहेकोछ ।
- बार्षिक रुपमै आर्थिक ऐन जारी गरेर मात्र कर संकलनको कार्य भईरहेको ।

### ४.३ विगतको आय परिचालनको अवस्था

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा न्यून रहेको छ । आन्तरिक आय तर्फ भूमिकर, सम्पति कर, वहाल कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, व्यवसाय रजिष्ट्रेशन दस्तुर लगायत अन्य प्रशासनिक शुल्क तथा दस्तुरहरु रहेका छन् । तसर्थ आगामी दिनमा समेत आन्तरिक आयतर्फ गाउँपालिकाको लागि सम्पत्ति कर, बहाल कर, ब्यवसाय कर र गैर करको क्षेत्रमा विभिन्न सेवा शुल्क, दस्तुर, पार्किंग शुल्क तथा व्यापारिक भवनहरुको भाडा लगायतका क्षेत्रहरु नै आम्दानीका मुख्य तथा दिगो स्रोत हुन् । गाउँपालिकाले अझैपनि सम्पत्ति कर र मालपोत मिलाएर एकीकृत सम्पत्ति करको नाममा कर संकलन गरिरहेको छ। गाउँपालिकाले मालपोतलाई जमीनको उपयोगका आधारमा वर्गिकरण गरेर दर निर्धारण गर्न आवस्यक छ ।घरबहाल कर, विज्ञापन कर, जडीबुटी कवाडी, कृषि क्षेत्र तथा जीवजन्तु करको सम्भावना तत्कालका लागि न्यून भए पनि क्रमश बढाउँदै जानुपर्ने देखिन्छ । गाउँपालिकाको विगत आर्थिक वर्षहरुको तथ्याङ्कको शीर्षकगत यथार्थ आयसम्वन्धी अभिलेख को विश्लेषण गर्दा राजस्वका केही शीर्षकहरुमा कुनै वर्ष बढी र कुनै वर्ष एकदमै कम संकलन भएको देखिएकाले समग्र राजस्व प्रक्षेपणलाई यथार्थपरक बनाउन कठिनाइ रहेको छ । पालिकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाको विगत आ.व. हरुको यथार्थ आय विवरण देहाय अनुसार रहेको छः

**तालिका ९: बागमती गाउँपालिकाको विगतको आय अवस्था**

| क्र सं | राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०८०।०८१ को यथार्थ आय | आ.व. २०८१।०८२ को यथार्थ आय | औषत बृद्धिदर (प्रतिशत) | आ.व. ०८२।८३ को संसोधित अनुमानित आय |
|---|---|---|---|---|---|---|
| क | संघीय सरकारको अनुदान | | २९१,४५३,५८९.०० | ३०२,१०५,२२७.०० | | ३३०,८९३,८८७.४२ |
| १ | १३३११ | समानिकरण अनुदान | ६७,९८३,०००.०० | ६७,२६०,०८०.०० | -१.०७% | ७२,६४०,८८६.४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | १३३१२ | शसर्त अनुदान चालु | २१०,१४४,८८४.०० | २२२,८९९,४४९.०० | ५.७२% | २४५,१८९,३९३.९० |
| ३ | १३३१३ | शसर्त अनुदान पुँजीगत | ३,९७५,१४९.०० | ३,८३३,०३४.०० | -३.७१% | ४,१३९,६७६.७२ |
| ४ | १३३१५ | विषेश अनुदान पुँजीगत | ४,३३५,०४८.०० | ८,११२,६६४.०० | ४६.५६% | ८,९२३,९३०.४० |
| ५ | १३३१७ | समपुरक अनुदान पुँजीगत | ५,०१५,५०८.०० | - | | - |
| **ख** | **प्रदेश सरकारको अनुदान** | | **३७,५२९,९३९.००** | **४७,७४६,५३०.००** | | **५२,६९६,१६१.३८** |
| ६ | १३३११ | समानिकरण अनुदान | ६,५४०,०००.०० | ६,४६०,०००.०० | -१% | ६,९७६,८००.०० |
| ७ | १३३१२ | शसर्त अनुदान चालु | १५,९२६,०००.०० | १२,७४०,२८७.०० | -२५% | १४,०१४,३१५.७० |
| ८ | १३३१३ | शसर्त अनुदान पुँजीगत | ४,५००,०००.०० | १५,२०८,९१९.०० | ७०% | १७,०३३,९८९.२८ |
| ९ | १३३१४ | विशेष अनुदान चालु | ५,५६३,४७७.०० | - | | - |
| १० | १३३१५ | विशेष अनुदान पुँजीगत | - | ३,४८९,२६९.०० | १००% | ३,८३८,१९५.९० |
| ११ | १३३१६ | समपुरक अनुदान चालु | ५,०००,४६२.०० | - | | - |
| १२ | १३३१७ | समपुरक अनुदान पुँजीगत | - | ९,८४८,०५५.०० | १००% | १०,८३२,८६०.५० |
| **ग** | **राजस्व बाडफाडबाट प्राप्त आय** | | **५८,८५७,८४२.००** | **९२,९३२,६९७.००** | | **१०२,५८८,९६१.९६** |
| १३ | 11315 | घरजग्गा रजिष्ट्रेशन दस्तुर | - | ७,६०५,४२१.०० | १००% | ८,३६५,९६३.१० |
| १४ | ११४११ | बाँडफाँडबाट प्राप्त हुने मूल्य अ. कर | ४०,२१३,४५१.०० | ४३,०९२,४८८.०० | ७% | ४७,४०१,७३६.८० |
| १५ | | बाँडफाँडबाट प्राप्त हुने अन्तशुल्क | - | १८,६०३,४९४.०० | १००% | २०,४६३,८४३.४० |
| १६ | ११४५६ | बाँडफाँटबाट प्राप्त सवारी साधन कर | १५,९९२,४७५.०० | १८,१४९,७६३.०० | १२% | २०,३२७,७३४.५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,६५१,९१६.०० | ५,४८१,५३१.०० | ५२% | ६,०२९,६८४.१० |
| घ | **आन्तरिक आयबाट प्राप्त आय** | | **१९,१३८,९४६.५८** | **१८,५८६,५९९.३०** | | **२०,४३५,८८२.०२** |
| १८ | ११३१३ | सम्पती कर | १८,४७३.०० | १,१८२,३२६.०० | ९८% | १,३२४,२०५.१२ |
| १९ | ११३१४ | भुमिकर/माल पोत | ६,२९३,९०४.०० | ९४५,९७९.०२ | -५६५% | १,०४०,५७६.९२ |
| २० | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३,०१३,४६०.०० | - | ०% | - |
| २१ | ११३२१ | घर वहाल कर | १९१,३४१.०० | ३५४,७४४.७० | ४६% | ४०७,९५६.४१ |
| २२ | ११३२२ | वहाल विटौरी शुल्क | २३,७५०.०० | ८७३.५५ | -२६१९% | ९६०.९१ |
| २३ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | १७,८२५.०० | २३१,०००.०० | ९२% | २७७,२००.०० |
| २४ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ३,८७०.०० | ७१,०००.०० | ९५% | ८५,२००.०० |
| २५ | ११६९१ | अन्य कर | ७७५,५६६.०० | ७,०१७.०० | -१०९५३% | ७,७१८.७० |
| २६ | १४१२९ | अन्य निकायबाट प्राप्त लाभांस | ३,०००.०० | - | ०% | - |
| २७ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५,७५०.०० | - | ०% | - |
| २८ | १४२२१ | न्यायिक दस्तूर | - | १,०००.०० | १००% | १,२००.०० |
| २९ | | परीक्षा शुल्क | - | १९,०००.०० | १००% | २०,९००.०० |
| ३० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २०,०००.०० | ५७८,७०१.०० | ९७% | ६६५,५०६.१५ |
| ३१ | १४२४२ | नक्सापास दस्तुर | २८,४३१.०० | २,०००.०० | -१३२२% | ५०,०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | १४२४३ | सिफारिश दस्तुर | ३५५,१४५.०० | ५८२,४००.०० | ३९% | ६५२,२८८.०० |
| ३३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १३६,३०४.०० | १६५,३५०.०० | १८% | १८५,१९२.०० |
| ३४ | १४२४५ | नाता प्रमाणित दस्तुर | १२,१९५.०० | १७,१००.०० | २९% | १८,८१०.०० |
| ३५ | १४२४९ | अन्य दस्तुर | १,५९९,२१४.०० | २२५,८९७.०० | -६०८% | २४८,४८६.७० |
| ३६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १६४,४५५.०० | ७०,८००.०० | -१३२% | ७७,८८०.०० |
| ३७ | १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तर लगायत प्रकृतिक स्रोतको आय | ४,०८१,८०२.०० | ११,२०८,९४२.०३ | ६४% | १२,३२९,८३६.२३ |
| ३८ | १४५२९ | अन्य राजस्व | ९४१,२५२.०० | १,३९०,९२८.०० | ३२% | १,५३०,०२०.८० |
| ३९ | १४६११ | व्यवसाय कर | ५०,०००.०० | ४२८,३३०.०० | ८८% | ५१३,९९६.०० |
| ४० | १५१११ | बेरूजू | १,४०३,२०९.५८ | ९९०,२०१.०० | -४२% | ८७१,३७६.८८ |
| ४१ | ३३३४२ | मनोरञ्जन कर | - | १०१,०१०.०० | १००% | ११३,१३१.२० |
| ४२ | ३३३४३ | विज्ञापन कर | - | १२,०००.०० | १००% | १३,४४०.०० |
| | | **कुल जम्मा रु** | ४०६,९८०,३१६.५८ | ४६१,३७१,०५३.३० | - | ५०६,६१४,८९२.७८ |

उपलब्ध तथ्याङ्कअनुसार गाउँपालिकाको समग्र राजस्व संरचनामा बाह्य स्रोत (संघीय तथा प्रदेश सरकारको अनुदान र राजस्व बाँडफाँड) को प्रमुख योगदान देखिए पनि आन्तरिक आय तर्फको अवस्था अझ सुदृढ गर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा देखिन्छ। आ.व. २०८०/०८१ मा आन्तरिक आय रु. १९,१३८,९४६.५८ रहेकोमा आ.व. २०८१/०८२ मा घटेर रु. १८,५८६,५९९.३० पुगेको छ, जसले आन्तरिक स्रोत परिचालनमा केही कमजोरी रहेको संकेत गर्दछ। यद्यपि आ.व. २०८२/०८३ का लागि रु. २०,४३५,८८२.०२ को संशोधित अनुमान गरिएको छ, जसले सुधारको सम्भावना देखाउँछ।

आन्तरिक आयका विभिन्न शीर्षकहरूको विश्लेषण गर्दा केही सकारात्मक र केही नकारात्मक प्रवृत्तिहरू देखिन्छन्। सम्पत्ति कर उल्लेखनीय रूपमा वृद्धि भई न्यून आधारबाट माथि उठेको छ

भने घर वहाल कर, व्यवसाय कर, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर तथा अन्य प्रशासनिक सेवा शुल्कमा पनि राम्रो वृद्धि देखिएको छ। विशेषगरी व्यवसाय कर (८८% वृद्धि), प्रशासनिक सेवा शुल्क (९७% वृद्धि) र सिफारिस दस्तुर (३९% वृद्धि) ले आन्तरिक राजस्व विस्तारको सम्भावना उजागर गर्दछ। यसैगरी प्राकृतिक स्रोत (ढुंगा, गिट्टी, बालुवा आदि) बाट प्राप्त आयमा पनि उल्लेखनीय वृद्धि (६४%) भएको छ, जुन स्थानीय स्रोत परिचालनको सकारात्मक संकेत हो।

तर अर्कोतर्फ भूमिकर/मालपोत, वहाल विटौरी शुल्क, अन्य कर, नक्सापास दस्तुर, व्यावसाय दर्ता दस्तुर तथा अन्य दस्तुरहरूमा तीव्र गिरावट देखिएको छ, जसले राजस्व संकलन प्रणाली, दायरा विस्तार र कार्यान्वयन पक्षमा कमजोरी रहेको देखाउँछ। केही शीर्षकहरू पूर्ण रूपमा शून्य अवस्थामा पुगेका छन्, जसले सम्भावित स्रोतहरूको उपयोग हुन नसकेको अवस्था दर्शाउँछ।

यस सन्दर्भमा, आन्तरिक आय वृद्धि गर्न कर दायरा विस्तार, करदाता अभिलेख अद्यावधिक, प्रविधिको प्रयोग, नियमित अनुगमन, जनचेतना अभिवृद्धि तथा कर प्रशासन सुदृढीकरण अत्यावश्यक देखिन्छ। साथै, घर नक्सापास, व्यवसाय दर्ता, वहाल कर र प्राकृतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउँदै पारदर्शी र उत्तरदायी प्रणाली विकास गर्न सकेमा आन्तरिक आय दिगो रूपमा वृद्धि गर्न सकिने प्रष्ट देखिन्छ।

**तालिका १०: कुल आयमा गाउँपालिकाको आन्तरिक तथा अन्य आयको योगदान**

| आय शिर्षक | २०८०/०८१ को यथार्थ | | २०८१/०८२ को यथार्थ | | आ. ब. २०८२/८३ को संसोधित/प्रस्तावित | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| क) आन्तरिक आय | १९,१३८,९४६.५८ | ४.७० | १८,५८६,५९९.३० | ४.०३ | २०,४३५,८८२.०२ | ४.०३ |
| ख) राजश्व बाडफाड | ५८,८५७,८४२.०० | १४.४६ | ९२,९३२,६९७.०० | २०.१४ | १०२,५८८,९६१.९६ | २०.२५ |
| ग) अनुदान | ८४,५३८,९७०.०० | २०.७७ | ८३,५६८,१३५.०० | १८.११ | ९०,४५०,५४६.९० | १७.८५ |
| घ) अन्य सशर्त कार्यक्रम | २४४,४४४,५५८.०० | ६०.०६ | २६६,२८३,६२२.०० | ५७.७२ | २९३,१३९,५०१.९० | ५७.८६ |
| **कुल जम्मा** | **४०६,९८०,३१६.५८** | **१००** | **४६१,३७१,०५३.३०** | **१००** | **५०६,६१४,८९२.७८** | **१००** |

बागमती गाउँपालिकाको कुल आयमा आन्तरिक तथा अन्य आयको योगदानलाई विश्लेषण गर्दा, आन्तरिक आयको हिस्सा अपेक्षाकृत न्यून रहेको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा कुल आय रु. ४०,६९,८०,३१६.५८ मध्ये आन्तरिक आय रु. १,९१,३८,९४६.५८ अर्थात् ४.७० प्रतिशत मात्र रहेकोमा, आ.व. २०८१/८२ मा यो घटेर ४.०३ प्रतिशत (रु.

१,८५,८६,५९९.३०) मा झरेको छ । आ.व. २०८२/८३ को संशोधित अनुमानमा पनि यो प्रतिशत ४.०३ मै स्थिर रहने प्रक्षेपण गरिएको छ, जसले गाउँपालिकाको आन्तरिक आय स्रोतको विविधीकरण र विस्तारमा चुनौती रहेको संकेत गर्दछ । अर्कोतर्फ, राजस्व बाँडफाँडबाट प्राप्त आयले महत्वपूर्ण योगदान पुर्याइरहेको छ, जुन आ.व. २०८०/८१ मा १४.४६ प्रतिशतबाट बढेर आ.व. २०८१/८२ मा २०.१४ प्रतिशत पुगेको छ भने आ.व. २०८२/८३ मा २०.२५ प्रतिशत रहने अनुमान छ । यसले संघीय राजस्व बाँडफाँडको परिणाममा गाउँपालिकाको निर्भरता बढ्दै गएको देखाउँदछ। यसैगरी, संघीय र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, सशर्त र विशेष अनुदानतर्फको आय भने २०८०/८१ मा २०.७७ प्रतिशतबाट घटेर २०८१/८२ मा १८.११ प्रतिशत र २०८२/८३ मा १७.८५ प्रतिशतमा झर्ने अनुमानले अनुदानमा आउने कमी र सशर्तताको बढ्दो प्रभावलाई इङ्गित गर्दछ । सबैभन्दा ठूलो हिस्सा अन्य सशर्त कार्यक्रमअन्तर्गत रहेको छ, जुन आ.व. २०८०/८१ मा ६०.०६ प्रतिशत, २०८१/८२ मा ५७.७२ प्रतिशत र २०८२/८३ मा ५७.८६ प्रतिशत रहने अनुमान गरिएको छ । यसले बागमती गाउँपालिकाको कुल आयमा सशर्त कार्यक्रम र राजस्व बाँडफाँडको हिस्सा अत्यधिक रहेको र आन्तरिक आयको योगदान अत्यन्त न्यून रहेको स्पष्ट देखाउँदछ । आन्तरिक आयको कम योगदानले गाउँपालिकालाई दीर्घकालीन रूपमा आत्मनिर्भर बन्न, आफ्नै स्रोतबाट विकास योजना सञ्चालन गर्न र सेवा प्रवाहमा स्वायत्तता कायम राख्न चुनौती थपेको छ । तसर्थ, स्थानीय करको दायरा विस्तार, कर प्रशासनलाई प्रभावकारी बनाउने, तथा आन्तरिक आयका सम्भावित स्रोतहरू (जस्तै घरजग्गा रजिस्ट्रेसन, व्यवसाय कर, सेवा शुल्क, मनोरञ्जन कर आदि) पहिचान गरी संकलन दर बढाउन आवश्यक रहेको छ।

### ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

बागमती गाउँपालिकामा आन्तरिक आय परिचालनमा खासै प्रगति भएको देखिन्न । राजस्व परिचालन सम्बन्धमा भएका नयाँ ब्यवस्था अनुसारको प्रशासनिक क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

#### क) राजस्व प्रशासन

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न गाउँपालिकामा राजस्व इकाई तथा वडाहरुमा आवश्यक दरबन्दी स्वीकृति तथा पदसोपान अनुसारका कर्मचारी पदस्थापना गरी क्षमता विकास गर्न आवश्यक देखिन्छ । यसका साथै गाउँपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा थप गर्ने, प्रविधिमा आधारित राजस्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजस्व इकाईको व्यवस्था हुनपर्ने । सुत्रमा आधारित राजस्व प्रणाली सबै वडामा स्थापित गरी राजस्व संकलनको व्यवस्थित विद्युतीय प्रणालीको लागि वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरिनु पर्दछ ।

#### ख) आन्तरिक नियन्त्रण

संकलित राजस्वको नियन्त्रण गर्नको लागि मासिक बैठक तथा प्रगती प्रतिवेदन पेश गर्ने ब्यवस्था प्रभावकारी बनाई उठेको रकम यथासक्य चाँडो बैंक जम्मा गराउने व्यवस्था हुनुपर्ने। आवधिक

रुपमा शाखाबाट वडाहरुमा दिईएको र प्रयोग भएका रसिदहरुको अध्ययन वा cross check गरी राजस्व हिनामिना हुनबाट रोक्ने ।राजस्व संकलन तथा यसको अनुगमनमा स्थानीय राजस्व परामर्श समिति र स्थानीय अनुगमन समितिको सकृयता बढाएर संकलनको प्रभावकारिता बढाउनपर्ने । कर संकलनको स्थलगत अनुमगन समयन्त्र नभएको र वडास्तरिय राजस्व संकलन तथा क्षमतावान कर्मचारीको व्यवस्थापन चुनौतीपुर्ण रहेकोछ ।

**ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाउँपालिकाले सम्पत्ति कर तथा मालपोत वा भुमी कर कार्यविधी छुट्टाछुट्टै परिमार्जन गरी कार्यान्वयनमा ल्याउनपर्ने देखिन्छ ।कान्ति लोकपथ दायाँबाँया तथा भित्री शहरी क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको प्रयोगमा विटौरी शुल्क अशुलीका लागि कार्यविधी बनाई लागु गर्नपर्ने देखिन्छ । आय परिचालन सम्वन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यी कार्यविधीहरुमा आय संकलन गर्ने विधि, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु समावेश हुनुपर्दछ ।

**घ) आर्थिक ऐनमा सुधार**

गाउँपालिकाले प्रत्येक आ.व. को अन्त्यमा आर्थिक ऐन जारी गर्ने गरेको छ । आर्थिक ऐनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सम्पत्ती कर, मालपोत, ब्यवसाय कर लगायतका करको दर र दायरा स्पष्ट रुपमा उल्लेख गरिएको छ । यद्यपी आर्थिक ऐनमा उल्लेख भए अनुसारका सबै शीर्षकहरुबाट राजस्व संकलन भएको पाइएन । त्यसैले आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सम्पत्ती करको दर कायम गर्दा रु १०० बाट शुरु हुनेगरी पुनर्व्यवस्थित (Rearrange) गर्ने र कतिपय बजारका घरहरु नक्शापास नगरिकन प्रयोगमा रहेको हुनाले तीनीहरुलाई करको दायरामा समावेश गर्न आवस्यक देखिन्छ ।

**ङ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

गाउँपालिकाले राजस्वको दर निर्धारण गर्दा समान स्तरका करदाताहरुलाई समान व्यवहार हुने गरी तथा समान तहका स्थानीय सरकार वीच न्यून अन्तर हुने विषयमा ध्यान दिन आवश्यक हुन्छ । स्थानीय करका आधारहरु पर्याप्त राजस्व संकलन गर्न सकिने खालको हुनु पर्दछ । अर्थात संकलित राजस्व भन्दा संकलन गर्दा लाग्ने खर्च बढी हुने खालको हुनु हुँदैन । साथै स्थानीय उत्पादनका आधारमा दर निर्धारण गर्दा करदातालाई पनि मर्का नपर्ने र गाउँपालिकालाई पनि राजस्व प्राप्त सहज रुपमा हुने हुन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने रकम र शीर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन करदाता शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने तथा धेरै राजस्व तिर्ने करदाताहरुलाई

प्रोत्साहन तथा पुरस्कृत गर्ने प्रणालीको बारेमा आवश्यक प्रचार प्रसार गर्नु पर्दछ । साथै कर संकलन तथा सूचना प्रवाहमा आधुनिक प्रविधीहरुको प्रयोग अंगीकार गर्न पर्दछ ।

**च) अध्ययन अनुसन्धान तथा अभिलेख व्यवस्थापन**

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख बिना राजस्व सम्वन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन । गाउँपालिकाका सम्भाव्य राजस्व स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी समसामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । गाउँपालिकाबाट राजस्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजस्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अपरिहार्य हुन्छ । कतिपय अभिलेखहरु ऐनले प्रदत्त गरेको शीर्षकहरुमा नराखि जथाभावी शीर्षक सृजना गरी तथ्याङ्कहरु राखेको हुँदा सूचनाहरुको विश्लेषण गर्न कठीनाई हुने गर्दछ ।

**छ) समन्वय संयन्त्र**

राजस्व परिचालनमा नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व इकाईबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजस्व प्रशासनलाई प्रभावकारी वनाउन निर्वाचित नेतृत्वले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शीर्षकहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**ज) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहीता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण, आन्तरिक र अन्तिम लेखा प्रतिवेदन आवधिक रूपमा प्रकाशनमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र करबाट प्राप्त आयलाई के के शीर्षकमा खर्च गरियो भन्ने

विवरणबारे नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

**झ) समावेशीता तथा सहभागिता अभिबृद्धि**

कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक र प्राविधिक सीप विकास गरी निजहरुबाट संचालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

**ञ) अन्य**

प्रायः स्थानीय तहहरुमा जनतालाइ कर मात्र थोपरेको भन्ने आरोपहरु पनि आइरहेको परिप्रेक्ष्यमा करको दर तथा दायरामा अदलबदल गर्दा करदाताको मनसाय, उसको कारोबार, कर तिर्न सक्ने क्षमता, पालिकाको कर संकलन गर्ने संगठन क्षमता लगायतका कुराहरुमा ध्यान दिन आवश्यक देखिन्छ । साथै करको दर र दायरा बढाउँदा राजनितिक तथा विभिन्न अन्य ईच्छित समूहहरुको Interest & voice लाई पनि मध्यनजर गर्न आवस्यक छ ।

## परिच्छेद - ५
## राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितिय स्रोतहरुबाट प्राप्त विभिन्न तथ्याङ्क तथा सूचाना विश्लेषणका आधारमा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने जिम्मेवारी गाउँकार्यपालिकाको हुनेछ ।

### ५.१ राजस्व सुधार कार्ययोजना

गाउँपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु निम्नवमोजिम रहेका छनः

### ५.१.१ प्रभावकारी राजस्व संकलनका रणनीति तथा कार्यनीति

बागमती गाउँपालिकामा राजस्व संकलनमा खासगरी ट्र्याकमा गैसकेको र ट्र्याकमा लानुपर्ने गरी दुई किसिमका अवस्थाहरु छन् । पहिलेदेखि संकलन हुँदै आएका राजस्वहरु ट्र्याकमा छन् भने नयाँ राजस्वका स्रोतहरुमा जनतालाई वानी पार्न थप पहल गर्न आवश्यक रहेको छ । गाउँपालिकाका कानूनहरु पनि समय अनुकुल परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

क) संविधानले प्रदत्त गरेका एकल अधिकार अन्तर्गतका राजस्व अधिकार र पालिकाको अर्थिक ऐनमा उल्लेख भई सम्भावना भए अनुसारका सबै शीर्षकबाट राजस्व संकलन गर्न पहल गर्नुपर्ने ।

ख) राजस्व सम्वन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।

ग) राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।

घ) राजस्व प्रणालीलाई सरल, सहज र प्रविधी तथा करदाता मैत्री बनाउने ।

ङ) समन्वय र सहकार्यको अभिवृद्धि गर्ने ।

**तालिका ११: राजस्व सुधार सम्वन्धी रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १) राजस्व सम्वन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | १. गाउँपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै गाउँपालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रोत्साहित गरिनेछ।<br>३. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतीको संस्थागत विकास गरिनेछ ।<br>४. जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>५. राजस्वका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजस्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>६. राजस्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>७. सम्पत्ति मूल्याङ्कन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ ।<br>८. आन्तरिक राजस्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ ।<br>९. करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>१०. गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ साथै पर्यटन विकासमा यस गाउँपालिकामा रहेका धार्मिक/साँस्कृति धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ ।<br>१२. पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्ने दर निर्धारण गर्दा छिमेकी स्थानीय तहहरु, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ ।<br>१३. नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान र पुरस्कृत गरिनेछ ।<br>१४. समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| २) राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | १) गाउँपालिकाको समग्र राजस्व परिचालन सम्वन्धी नीतिहरुलाई कार्यान्वयन गर्न पालिकामा राजस्व इकाईको सुदृढिकरण र क्षमता विकास गरिनेछ ।<br>२) गाउँपालिकाको राजस्व इकाईमा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>३) राजस्व परामर्श समिति, राजस्व इकाई र वडा कार्यालयका कर्मचारीहरुको राजस्व व्यवस्थापन सम्वन्धी क्षमता अभिबृद्धि गरिनेछ ।<br>४) राजस्व इकाईका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना संजालमा जोड्दै लगिने छ ।<br>५) स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा संचालन गरिनेछ ।<br>६) प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ ।<br>७) राजस्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजस्वको प्रतिवेदन र फाँटबारी बनाइने छ ।<br>८) राजस्व सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि प्रभावकारी अनुगमन मूल्याङ्कनको ब्यवस्था मिलाइनेछ ।<br>९) राजस्व व्यवस्थापनका लागि नेपाल सरकारको नीति अनुसार बनेको सुत्रको राजस्व मोडल प्रइवगमा ल्याईनेछ । |
| ३) राजस्व कर प्रणालीलाई सरल, सहज करदाता मैत्री, पारदर्शी र समावेशी बनाउने | १) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>२) कर प्रशासनलाई पारदर्शी गराउन कर सम्वन्धी सूचनाहरुमा नागरिकहरु को पहुँच पुर्‍याइनेछ ।<br>३) कर/राजस्व सूचना सम्वन्धी प्रतिवेदनहरु अर्धवार्षिक एवं वार्षिक रुपमा गाउँपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ ।<br>४) करदाता शिक्षा र कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।<br>५) असक्त महिला, जेष्ठ नागरिक मात्र भएका, अपांगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई गाउँपालिकाले लिने शुल्कहरुमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>६) कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ । |
| ४)समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने | १) ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, विक्री तथा बजार व्यवस्थाका सम्बन्धमा स्थानीय समुदायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>२) बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ<br>३) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>४) राजस्वसंग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला |

| रणनीति | कार्यनीति |
|---|---|
| | समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहहरुसंग समन्वय वैठक आयोजना गरी राजस्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ ।<br>५) राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.२ राजस्व सुधार कार्ययोजना

बागमती गाउँपालिकाको आ.व. २०८२/०८३ देखि २०८५/८६ सम्म कार्यान्वयनका लागि प्रस्ताव गरिएका राजश्व सुधार कार्ययोजनामा समेटीएका सुधारका पक्षहरु :

क. राजश्व प्रशासनमा सुधार

ख. कर राजश्व सुधार योजना

ग. गैर कर राजश्व सुधार योजना

### क. राजश्व प्रशासन सुधार योजना

| क्र.स. | सुधारको लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानूनी तथा नीतिगत व्यवस्था** | | |
| | स्थानीय राजश्व परामर्श समितिको बैठक चौमासिक रुपमा गरी भूमिकालाई प्रभावकारी बनाउने | २०८३ श्रावण देखि निरन्तर | स्थानीय राजश्व परामर्श समिति |
| | राजश्वको सम्भाव्यता अध्ययन गर्न कार्यदल गठन गरी सुझाव सहितको प्रतिवेदन लिने | २०८३ असोज महिनामा कार्यदल गठन गरी १ महिना भित्र प्रतिवेदन लिने | स्थानीय राजश्व परामर्श समिति |
| | मुख्य मुख्य राजश्वका श्रोतहरुका लागि छुट्टै कार्यविधि निर्माण गरी लागु गर्ने | २०८३ कार्तिक मसान्त सम्म | कार्यपालिका , बिधायन समिति |
| २ | **संकलन प्रकृयामा सुधार** | | |
| | वडाहरुमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने (कर, शुल्क, दस्तुर आदि वारे) | चौमासिक रुपमा | राजस्व इकाई र वडा कार्यालयहरु |
| | सवै कर तथा शुल्क सम्वन्धी तथ्याङ्क संकलन तथा व्यवस्थित अभिलेखन गरी कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०८३ असोज मसान्त भित्र | राजश्व शाखा तथा वडा कार्यालय |
| | करदाता प्रोत्साहनको नीति तथा मापदण्ड तयार गरी लागु गर्ने (प्रत्येक वर्ष उत्कृष्ठ करदाता पुरस्कृत गर्ने सहित) | वार्षिक रुपमा | कार्यपालिका |
| | सबै कर, दस्तुर, सेवा शुल्क लाइ सफ्टवेर प्रणालीमा आवद्द गरी कम्प्यूटर विलिङ्ग | आ व २०८३/८४ भित्र | राजश्व शाखा तथा वडा कार्यालयहरु |

| क्र.स. | सुधारको लागि  गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | प्रणाली मात्र लागू गर्ने | | |
| ३ | **संस्थागत व्यवस्था तथा अन्य** | | |
| | राजश्व शाखामा स्पष्ट किटान भएका दरवन्दी अनुसारका कर्मचारी खटाइ कार्यविवरण तोक्ने र कार्य सम्पादन सम्झौता गर्ने , गराउने | २०८३ श्रावण | प्रमुख प्रशासकीय अधिकृत |
| | वडा कार्यालयहरुमा समेत राजश्व प्रशासनका लागि कर्मचारीलाई जिम्मेवारी किटान गरी नियमित अनुगमन गर्ने , गराउने | | |
| | जनप्रतिनिधी तथा कर्मचारीहरुकालागि राजश्व सम्वन्धी तालिम तथा अभिमुखीकरण कायर्कम संचालन गर्ने ब्यवस्था मिलाउने | वर्षमा १ पटक | स्थानीय राजश्व परामर्श समिति |
| | राजश्व संकलन अवस्थाको आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने र आम्दानी खर्चको विवरण सार्वजनिकीरण गर्ने । | चौमासिक रुपमा | स्थानीय राजश्व परामर्श समिति तथा प्रमुख प्रशासकिय अधिकृत |
| | गाउँपालिकाको स्वामित्व तथा हक भोगमा रहेका जग्गा तथा भवनहरुको विवरण संकलन गरी प्रमाण सहित ब्यवस्थित रुपमा अभिलेख राख्ने तथा सिमाना छुट्याउने । | २०८३ कार्तिक मसान्त भित्र | राजश्व शाखा, जिन्सी उपशाखा र वडा कार्यालयहरु |

## ख. कर राजश्व सुधार योजना

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **सम्पत्ती कर** | | |
| | सम्पत्ति कर संकलन तथा ब्यवस्थापन कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने | आ. व. २०८३/८४ पौष मसान्त भित्र | स्थानीय राजश्व परामर्श समिति, विधायन समिति र राजश्व शाखा |
| | सम्पत्ति सम्वन्धी तथ्याक संकलन तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने । | २०८३ पौष मसान्त भित्र र निरन्तर | राजश्व शाखा , |
| २. | **मालपोत तथा भूमिकर** | | |
| | मालपोतको दर परिमार्जन गरी प्रगतिशिल करको दर निर्धारण गर्ने | आ व २०८३/८४ भित्र | स्थानीय राजश्व परामर्श समिति |
| | वडागत रुपमा मालपोतको लगत संकलन गरी अभिलेख व्यवस्थित गर्ने | २०८३ कार्तिक मसान्त भित्र | राजश्व शाखा र वडा कार्यालय |
| | मालपोत सम्वन्धी सबै तथ्याङ्कहरुलाइ कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०८३ पौष मसान्त भित्र | राजश्व शाखा |
| २ | **सवारी कर ( तीन पाङ्ग्रे सवारी )** | | |

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | अटो रिक्सा, ई रिक्सा , टेम्पो जस्ता तीनपाङ्ग्रे सवारी साधनको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने । | २०८३ असोज मसान्त भित्र | कार्यपालिका , स्थानीय राजश्व परामर्श समिति र विधायन समिति |
| | गाउँपालिका क्षेत्रमा गुड्ने अटो रिक्सा तथा ई रिक्सा जस्ता तीन पाङ्ग्रे सवारी साधनहरुको दर्ता तथा नविकरण दस्तुर निर्धारण गरी सवारीहरु दर्ता गर्ने । | २०८३ श्रावण देखि | राजश्व उपराजश्व शाखा |
| ३ | **घर जग्गा वहाल कर** | | |
| | वहाल करको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन लिने | २०८३ असोजमसान्त भित्र | स्थानीय राजश्व परामर्श समिति |
| | वहाल कर संकलन तथा व्यवस्थापन सम्वन्धी कार्यविवधि निर्माण तथा कार्यान्वयन गर्ने | २०८३ असोज मसान्त भित्र | कार्यपालिका ,स्थानीय राजश्व परामर्श समिति र विधायन समिति |
| | वहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा वहाल कर रकम निर्धारण तथा असुल गर्ने । | २०८३ पौष मसान्त भित्र | राजश्व शाखा र वडा कार्यालयहरु |
| ४ | **व्यवसाय कर** | | |
| | ब्यवसाय कर संकलन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन ल्याउने । | २०८३ कार्तिक मसान्त भित्र | कार्यपालिका ,स्थानीय राजश्व परामर्श समिति र विधायन समिति |
| | आर्थिक ऐनले गरेको व्यवस्था अनुसार व्यवसाय करको दरलाई वर्गिकरणको आधारमा पुनरावलोकन गरी लगत तयार गर्ने | २०८३ कार्तिक मसान्त भित्र | स्थानीय राजश्व परामर्श समिति ,राजश्व शाखा |
| | गाउँपालिका क्षेत्रमा ब्यवसाय संचालनको लागि गाउँपालिकाको इजाजत लिनुपर्ने ब्यवस्था अनिवार्य गरी व्यापक प्रचार प्रसार गर्ने । | २०८३ श्रावण देखि | राजश्व शाखा र वडा कार्यालयहरु |
| | व्यवसायको लगत संकलन गरी कम्प्यूटर प्रणालीमा आवद्द गरी अभिलेख राख्ने तथा संकलनको अवस्था सम्वन्धी अनुगमन तथा मूल्याङ्कन गर्ने | २०८३ असोज मसान्त भित्र , (अनुगमन निरन्तर) | स्थानीय राजश्व परामर्श समिति ,राजश्व शाखा र वडा कार्यालयहरु |
| | उद्योग वाणिज्य संघ, आन्तरिक राजश्व कार्यालय, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवालासँग गाउँपालिकाले समन्वय र नियमित अन्तरक्रिया गर्ने । | निरन्तर | स्थानीय राजश्व परामर्श समिति ,राजश्व शाखा |
| ५ | **जडीवुटी, कवाडी र जीवजन्तु कर** | | |
| | जडिवुटी, जीवजन्तु तथा कवाडी वस्तु सम्वन्धी | २०८३ कार्तिक | स्थानीय राजश्व परामर्श |

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | कर संग सम्बन्धित अध्ययन तथा तथ्याङ्क संकलन र अध्यावधिक गर्ने | मसान्त भित्र | समिति र राजश्व शाखा |
| | सम्भाव्यता अध्ययनका आधारमा आवस्यक ब्यवस्था गर्ने | २०८३ मङ्सिर मसान्त भित्र | कार्यपालिका, स्थानीय राजश्व परामर्श समिति र राजश्व उपशाखा |

### ग. गैर कर राजश्व सुधार योजना

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | सपयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १. | खानीजन्य बस्तु (ढुङ्गा, गिटी, रोडा, वालुवा, पुरुवा, माटो आदि) विक्री का लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी प्रकृया अघि बढाउने | २०८३ पौष भित्र | कार्यपालिका , स्थानीय राजस्व परामर्श समिति, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, वातावरण शाखा र राजश्व उपशाखा |
| २. | **नक्सापास दस्तुर** | | |
| | नक्सापास नभएका तर हालको मापदण्ड पूरा गरेका संरचनाहरुलाई नक्सा पासको प्रकृयामा ल्याउने । | २०८३ कार्तिक भित्र | कार्यपालिका , |
| | भवन मापदण्ड निर्धारण तथा कार्यान्वयन लाइ अनिवार्य गर्ने, निर्माण भई रहेका भवनहरु नक्सा पास भए नभएको अनुगमन गर्ने र नभई निर्माण भएको पाईएमा निर्माणमा रोक लगाउने, पुराना भवन तथा सँरचनाहरुलाई अभिलेखीकरण गर्ने । घरनक्सा पास सम्वन्धी कार्यविधी बनाउने । | २०८३ कार्तिक भित्र | वडा कार्यालय र भवन तथा मापदण्ड कार्यान्वयन इकाई |
| ३ | **दर्ता, नविकरण तथा अनुमति दस्तुर** | | |
| | विद्यालय स्थापना, **घ** वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीय स्तरमा व्यापारीक फर्म आदिको दर्ता तथा नविकरण गर्ने कार्यविधि तर्जुमा गर्ने। | २०८३ असोज भित्र | कार्यपालिका , स्थानीय राजस्व परामर्श समिति, विधायन समिति |
| ४ | **सिफारिश तथा अन्य सेवा शुल्क** | | |
| | सिफारिश तथा अन्य सेवा शुल्कको दर पुनरावलोकन गरी समयानुकुल र सेवा सापेक्ष वनाइ कार्यान्वयन र अनुगमन गर्ने | आ व २०८३/८४ भित्र (अनुगमन निरन्तर ) | सभा, कार्यपालिका र स्थानीय राजस्व परामर्श समिति |
| ५ | दिगो आयश्रोत व्यवस्थापनका लागि पर्यटन तथा मनोरन्जन स्थल निर्माण , हाटवजार तथा पसल कवल निर्माणि सम्वन्धी अध्ययन गराइ प्रतिवेदन लिने र गुरु योजना निर्माण गर्ने | २०८३ पौष मसान्तभित्र | कार्यपालिका, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा |

## परिच्छेद - ६
## आय प्रक्षेपण

